# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक २६९ | काठमाडौं | आइतबार, १४ माघ २०८० | Prabhab National Daily | Sunday, January 28, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## लिखु जलविद्युत् आयोजनाको लापारवाहीले बगायो जल्दै गरेको शव



- आयोजनाको बाँधबाट पानी एक्कासि खोलामा फर्किदा रामेछापको लिखु खोलास्थित मार्बु दोभान घाटमा जलाउँदै गरेको शव बगाएर बेपत्ता, मलामीले भागेर जोगाए ज्यान
- आयोजनाको मेसिन बन्द हुँदा बाँध एक्कासि रोकिएर पानी खोलातर्फ गएको दाबी

**काठमाडौं (प्रस)–** सोलुखुम्बु र रामेछापको सिमानामा रहेको लिखु ‘२’ जलविद्युत् आयोजनाको लापारवाहीले लिखु खोलामा जलाउँदै गरेको शव बगाएको छ । शनिबार आयोजनाको बाँधबाट पानी एक्कासि खोलामा फर्किदा रामेछापको उमाकुण्ड गाउँपालिका-१ का ३२ वर्षीय झपडबहादुर थापाको शव बगाएर बेपत्ता बनाएको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ ।

आयोजनाले भने विद्युत् मेसिन एक्कासि बन्द भएर बाँधको पानी खोलातर्फ फर्किएको बताएको छ । रामेछापका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक होमबहादुर पराजुलीका अनुसार शनिबार साँझ आयोजनाको मेसिन बन्द हुँदा बाँध एक्कासि रोकिएर पानी खोलातर्फ नै फर्किदा उमाकुन्ड गाउँपालिका-१ बाल्दिङ स्थित खोलामा जलाउँदै गरेको शव बगाएको बताए ।

‘हामीलाई प्राप्त जानकारीअनुसार मेसिन ट्रिप खाएर, बाँधको पानी खोलातर्फ फर्किदा खोलामा जलाउँदै गरेको शव बगाएर बेपत्ता भएको रहेछ, यस विषयमा हामी अनुसन्धान गर्दै छौं,’ उनले भने । घटनास्थल टाढा भएकाले जिल्लाबाट खटिएका प्रहरी पुग्न बाँकी रहेको उनले बताए । सोलुको किञ्जा प्रहरी चौकीबाट प्रहरी टोली घटनास्थलतर्फ गएको उनले जानकारी दिए ।

लिखुपिकेका राजेन्द्र बस्नेतले आधा जलिसकेको शव खोलाले बगाएर बेपत्ता बनाएको बताए । मलामीले भागेर ज्यान जोगाएको उनको भनाइ छ । आयोजनाको लापरवाहीका कारण यो घटना भएको उनले बताए । ‘यो आयोजनाको लापरवाही हो, मलामी गएका केही मानिस पनि सम्पर्कमा आएका छैनन्, यो विषयमा हामी जानकारी लिँदै छौं,’ बस्नेतले भने । घटनास्थल रामेछापमा पर्ने भए पनि सोलुखुम्बुको सिमाना भएकाले प्रहरी चौकी किञ्जाबाट प्रहरी टोली खटिएको सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी देवी पाण्डे (खत्री)ले जानकारी दिए ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ । आयोजनाका सम्पर्क अधिकृत दीपक नेपालका अनुसार विद्युत् मेसिन एक्कासि बन्द भएर बाँधतर्फको पानी खोलामा नै फर्किदा उक्त घटना भएको हो । कूल ५५ मेगावाट क्षमताको सो आयोजनाले अहिले पानी पर्याप्त नहुँदा आठ मेगावाट मात्रै विद्युत् उत्पादन गर्दै आएको उनले बताए । सोलुखुम्बुको लिखु पिके गाउँपालिका र रामेछापको उमाकुण्ड गाउँपालिकाको सिमाना हुँदै बग्ने लिखु खोलामा निर्माण गरिएको उक्त जलविद्युत् आयोजनाको हेडवर्क्स सोलुखुम्बुमा पर्ने प्रमुख जिल्ला अधिकारी खत्रीले बताए ।

(क्रमशः पृष्ठ २ मा)

# कांग्रेस–माओवादी गठबन्धन संकटतर्फ

### राष्ट्रिय सभा अध्यक्ष आफैँसँग राख्ने माओवादीको तयारी, तर कांग्रेसले नछोड्ने

- कांग्रेससँगको गठबन्धनबारे समीक्षा गर्नुपर्ने बहस
- कांग्रेसबाट धोका दोहोरिएको र कांग्रेस भरोसायोग्य पार्टी नै नभएको टिप्पणी
- राष्ट्रिय सभा अध्यक्षको सौदावाजीमा माओवादी लागेको कांग्रेस नेताहरूको आरोप



**जेबी योञ्जन**

काठमाडौं- नेपाली कांग्रेसको डा. शेखर कोइरालाले नेतृत्व गरेको विचार समूह सरकारविरुद्ध उभिँदा नेकपा माओवादी केन्द्रभित्र कांग्रेससँगको गठबन्धनबारे गम्भीर समीक्षा गर्नुपर्ने बहस झनै चर्किएको छ । एकातिर हालै सम्पन्न राष्ट्रिय सभा निर्वाचनमा आफ्ना उम्मेदवारले कोशीमा बेहोरेको पराजय, कोइराला नेतृत्वको कांग्रेसको फरक विचार समूहले सरकारलाई गर्दै आएको आलोचना र असहयोगको अवस्थाबीच कांग्रेससँगको गठबन्धनबारे समीक्षा गर्नुपर्ने बहस माओवादीमा उठेको हो ।

शनिबार माओवादी उपमहासचिव वर्षमान पुनले कांग्रेसले माओवादीको विश्वास पूरै गुमाइसकेको बताए । कांग्रेसबाट धोका दोहोरिएको र कांग्रेस भरोसायोग्य पार्टी नै नभएको टिप्पणीसमेत गरे । उनका अनुसार कांग्रेस गठबन्धनमा बारम्बार बेइमान भयो ।

‘कोशी प्रदेशको राष्ट्रिय सभा निर्वाचन परिणामले राष्ट्रिय राजनीतिमा नयाँ मोड आएको छ । कांग्रेससँगको गठबन्धनबारे गम्भीर समीक्षा गर्नुपर्ने अवस्थामा हामी पुगेका छौं र कांग्रेससँगको गठबन्धनले राजनीतिक रूपमा हामीलाई घाटा या नाफा के छ ?,’ उनले गृहजिल्ला रोल्पा पुगेर भने, ‘हामी हरेक चुनावमा इमानदार भएर कांग्रेसलाई मत दिइराख्ने अनि कांग्रेसले हाम्रा उम्मेदवार हराइराख्ने कहिलेसम्म चल्छ ?’

बिहीबार भएको राष्ट्रिय सभा निर्वाचनमा कोशी प्रदेशबाट गठबन्धनको उम्मेदवार बनेकी माओवादी नेतृ चम्पादेवी कार्की पराजित भएकी थिइन् । प्रदेशका महामन्त्री भूपेन्द्र राई स्वयंले कांग्रेसका केही मतदाताबाट बेइमान भएको प्रभावसँग स्वीकारेका थिए । ‘केही साथीहरूको बेइमानले हाम्रै गठबन्धनको उम्मेदवार चम्पाजी पराजित हुनुभयो । यो गलत हो,’ उनको भनाइ थियो ।

कार्कीलाई कांग्रेसका तीन जना प्रदेश सांसद र १७ जना स्थानीय तहका प्रमुख/उपप्रमुख वा अध्यक्ष/उपाध्यक्षले मत नदिएको माओवादीको आरोप थियो । यससँगै माओवादी कांग्रेससँग झन रुष्ट बनेको हो । माओवादीले यसअघि स्थानीय तहदेखि प्रदेश र प्रतिनिधिसभा चुनावसम्मै पटक-पटक कांग्रेसको कोइराला समूहबाट असहयोग र धोका पाएको निष्कर्ष निकालेको थियो ।

माओवादीका अर्का उपमहासचिव जनार्दन शर्माले पनि यसअघि कांग्रेसलाई गठबन्धनको धोकाधढी दिने दल भएको आरोप लगाएका थिए । कांग्रेससँग गठबन्धन गर्नु अप्राकृतिकसमेत भएको उनको तर्क थियो । माओवादीका अन्य नेताहरूले पनि कांग्रेसको आलोचना गर्न थालेका छन् ।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्मा भने गठबन्धन दलहरू एकअर्काको उछितो काढ्नभन्दा पनि गठबन्धनलाई थप सुदृढ कसरी बनाउन सकिन्छ र सरकारलाई कसरी सफल बनाउन सकिन्छ भन्नेमा केन्द्रित हुनुपर्ने बताउँछन् । गठबन्धनसँग जनताको आशा र भरोसा भएका कारण सोहीअनुसार गठबन्धन दलहरू सरकारलाई जनमुखी बनाउनतर्फ लाग्नुपर्ने उनको भनाइ छ ।

(क्रमशः पृष्ठ २ मा)



हामी हरेक चुनावमा इमानदार भएर कांग्रेसलाई मत दिइराख्ने अनि कांग्रेसले हाम्रा उम्मेदवार हराइराख्ने कहिलेसम्म चल्छ ?

**वर्षमान पुन**
उपमहासचिव, माओवादी केन्द्र



भीड नियन्त्रण गर्ने सामग्रीहरु हामीसँग नभएको त होइन । छन् तर परिवर्तित परिस्थितिमा केही अपुग छ । चाहिएको छ र जसको खरिद प्रक्रिया अघि बढाइएको छ ।

**मीन विश्वकर्मा**
प्रचार विभाग प्रमुख, कांग्रेस

**सन्दर्भः वैदेशिक रोजगार**

## पूर्वप्रस्थान अभिमुखीकरण तालिम प्रभावकारी बनाउने प्रतिबद्धता

**प्रभाव संवाददाता**




**काठमाडौं–** सरकारले पूर्वप्रस्थान अभिमुखीकरण तालिम नलिई वैदेशिक रोजगारीमा जाने कामदारको संख्या शून्यमा झार्ने लक्ष्य लिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सरोकारवालाहरूसँग गरेको छलफलपश्चात् रोजगारीका लागि विदेश जाने कामदारलाई पूर्णरूपमा अभिमुखीकरण तालिम दिएर मात्र पठाउने लक्ष्य लिएको हो ।

मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, पूर्वप्रस्थान अभिमुखीकरण तालिमप्रदायक संस्था एवं वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूसँग अभिमुखीकरण तालिम तथा स्वास्थ्य परीक्षणसम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आयोजित अन्तरक्रियात्मक कार्यक्रममा सबै सरोकारवालाले उल्लिखित कार्यका लागि प्रतिबद्धता जनाएको बताएको छ ।

श्रमसचिव केवलप्रसाद भण्डारीको अध्यक्षतामा भएको छलफलमा वैदेशिक रोजगारमा जाने कामदारको पूर्वप्रस्थान अभिमुखीकरण तालिम एवं स्वास्थ्य परीक्षण गर्ने कार्य प्रभावकारी हुन नसक्दा विदेशमा थुप्रै नेपालीहरूले समस्या खेप्नुका साथै अंगभंग तथा मृत्युवरण गर्नुपरेको विषय उठाइएको थियो । तसर्थ उक्त कार्यलाई व्यवस्थित गरेर प्रभावकारी बनाउन सरोकारवाला प्रतिनिधिले प्रतिबद्धता व्यक्त गरेका मन्त्रालयले जनाएको छ ।

छलफलपश्चात् सरोकारवाला संस्थाहरूले पाँच बुँदे प्रतिबद्धतासमेत जनाएको मन्त्रालयले उल्लेख गरेको छ । जसमा प्रभावकारी अभिमुखीकरण तालिम मार्फत आफुसँग सरोकार राख्ने सम्पूर्ण सूचनाहरू नपाइकन वैदेशिक रोजगारमा जाने कामदारहरूको संख्यालाई शुन्यमा झार्ने व्यवस्था मिलाउने कार्य गर्न सरोकारवाला संस्थाहरू तयार रहेको बताइएको छ । त्यस्तै स्वास्थ्य परीक्षणसँग सम्बन्धित संस्थाहरूले एक महिनाभित्र सम्पूर्ण नपुग पूर्वाधारहरू अनिवार्य रूपमा पूरा गर्ने व्यवस्था मिलाउन पनि सहमत भएका छन् । वैदेशिक रोजगार विभाग तथा अन्य निकायहरूले अनुगमन कार्यलाई प्रविधिको प्रयोगमार्फत तीव्रता एवं नियमितता दिने सम्बन्धमा पनि व्यवसायीहरूले प्रतिबद्धता जनाएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

## साउदीमा थप ९२ जनाले पाए ‘एक्जिट भिसा’

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ९२ जना नेपाली श्रमिकले ‘एक्जिट भिसा’ पाएका छन् । साउदीस्थित नेपाली राजदूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो । गैरकानुनी रूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले थुप्रै विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । यसै क्रममा तीन हजारभन्दा बढी नेपालीले विभिन्न मितिमा पटक-पटक गरी एक्जिट भिसा पाइसकेको दूतावासले जनाएको छ ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ । एक्जिट भिसामा भएको राहदानी/ट्राभल डकुमेन्ट नम्बर र आफूसँग भएको राहदानी/ट्राभल डकुमेन्ट नम्बर एउटै भए नभएको यकीन गरेर मात्र हवाई टिकट खरिद गर्न पनि दूतावासले आग्रह गरेको छ ।

दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । साथै भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ । अप्ठेरोमा परेका नेपालीहरूले आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न सकिने जनाइएको छ ।




# ‘माओवादी घटकबीच एकता अपरिहार्य छ’

**काठमाडौं (प्रस)–** नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहालले जनताको संघर्षबाट प्राप्त परिवर्तनको रक्षाका निम्ति माओवादी घटकबीचको एकता अपरिहार्य रहेको बताएका छन् । माओवादी केन्द्रको मुख्यालय पेरिसडाँडामा शनिबार सहिद प्रतिष्ठान नेपालको १४औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले माओवादी विचारधारामा छरिएर रहेका नेता तथा कार्यकर्तालाई एकताबद्ध हुन अपिल गरे ।

‘देशभरका माओवादी आन्दोलनका सबै कित्ताका सहकर्मीलाई एकताबद्ध हुन र एकढिक्का भएर काम गर्न अपिल गर्दछु,’ विभाजित भएर लक्ष्यमा पुग्न नसिकनेतर्फ संकेत गर्दै उनले भने । जनयुद्धका सहिद, बेपत्ता तथा घाइतेलाई राज्यले कुनै न कुनै रूपमा सम्बोधन गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जनयुद्धका घाइतेको पुनः वर्गीकरण गरिने प्रतिबद्धता व्यक्त गरे ।

‘कतिपय अझै घाइतेका रूपमा सूचीकृत हुन छुटेको भन्ने छ, उनहरूलाई घाइतेको सूचीमा समावेश गरिन्छ,’ अध्यक्ष दाहालले भने, ‘सहिद, बेपत्ता तथा घाइतेका परिवारलाई राज्यले सहयोग गरेको छ, त्यसलाई सिंगो पार्टी पंक्तिले आत्मबोध गर्नुपर्छ ।’ प्रतिष्ठानका संरक्षकसमेत रहेका




बोकेका सबैलाई एकै ठाउँमा ल्याउन प्रतिष्ठानको पनि प्रयास होस्,’ उनले भने, ‘त्यही एकताको पाटोबाट नयाँ पुस्ताको नेतृत्व पैदा हुने छ ।’

माओवादी पार्टी तथा आफ्नो नेतृत्वले गरेका सकारात्मक कामलाई जनतासमक्ष पुर्‍याउन आग्रह गर्दै उनले सरकारले थालनी गरेको आर्थिक समृद्धि, सुशासन र सामाजिक न्यायका कामले जनतामा आशा जगाउन सफल भएको बताए ।

अध्यक्ष दाहालले प्रतिष्ठानले सञ्चालन गरेको विद्यालयको पहिचान हुनेगरी राज्यले जिम्मामा लिने विश्वास दिलाए । सदनमा पेस भएको विद्यालय शिक्षा विधेयकले पनि त्यस्ता विद्यालयलाई समेट्ने उनको भनाइ थियो ।

सहिदलाई विभाजन गर्न हुँदैन भन्ने मनसायअनुसार प्रतिष्ठान एकताबद्ध रहेको उल्लेख गर्दै उनले अब सबै माओवादी विचारधारा केन्द्रीकृत हुने विश्वास व्यक्त गरे । ‘समान त्याग र बलिदान गरेका सपुतहरू एउटै केन्द्रमा आबद्ध हुने अवस्था आउँदै छ, वैज्ञानिक समाजवादको उद्देश्य

शान्ति प्रक्रियाका बाँकी काम चाँडै सम्पन्न गर्न सरकार क्रियाशील रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक सहमतिमै टुंगिने विश्वास व्यक्त गरे । नेपालको शान्ति प्रक्रियाको ‘मोडल’ बाहय जगत्का लागि पनि अनुकरणीय रहेको उनले बताए ।

माओवादी केन्द्रका उपमहासचिव एवं पूर्वमन्त्री जनार्दन शर्माले सहिदका सपना पूरा गर्न नेतृत्व र सिंगो पार्टी पंक्तिले दृढता व्यक्त गर्नुपर्नेमा जोड दिँदै सहिदका बलिदानलाई आन्दोलनको वैचारिक केन्द्र बनाउनुपर्ने बताए । उनले मुलुकको परिवर्तनका लागि ज्यानको बाजी दिएका सहिदलाई राज्यले उचित सम्मान गर्नुपर्ने बताए ।

माओवादी केन्द्रका सचिव एवं प्रतिष्ठानका पूर्वअध्यक्ष हितराज पाण्डेले सहिदका सपना पूरा गर्न सिंगो पार्टी पंक्ति जिम्मेवार हुनुपर्नेमा जोड दिए । उनले सहिदको योगदान भावी पुस्ताका लागि ताजै राख्नका लागि सहिदका नाममा भौतिक संरचना निर्माण तथा अक्षय कोष खडा गर्नु उचित हुने धारणा राखे ।

बेपत्ता परिवार समाजका सल्लाहकार भीमबहादुर बस्नेतले जनयुद्धमा बेपत्ता भएका नागरिकको यथार्थ पत्ता लगाउन आग्रह गरे । उनले आफ्नो छोरा जनयुद्धका क्रममा बेपत्ता भएको जानकारी दिँदै बेपत्ता छोराको पत्ता नलगाई आफू नै बेपत्ता होइन्छ कि भन्ने लागेको गुनासो गरे । जनयुद्धका घाइते तथा बेपत्ता परिवार समाजका अध्यक्ष पासाङ शेर्पाले बेपत्ता नागरिकको अवस्था टुंगो नलाग्दा परिवारजनले कानुनी समस्या झेल्नु परेकातर्फ सरकारको ध्यानाकर्षण गराए । प्रतिष्ठानकी अध्यक्ष धर्मशिला चापागाईंले प्रतिष्ठानलाई एकताको केन्द्रबिन्दु बनाएर अगाडि बढाइने बताइन् ।

# धरहरा क्षेत्रमा आजदेखि निःशुल्क पार्किङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुनधारामा निर्माणाधीन धरहरा क्षेत्रको पार्किङ भवनमा आजदेखि निःशुल्क पार्किङ गर्न पाइने भएको छ । काठमाडौं महानगरपालिकाले नवनिर्मित धरहरा क्षेत्रमा रहेको पार्किङ भवनबाट पार्किङ सेवा दिने भएको हो ।

गत मङ्गलबारदेखि न्युरोडमा कालोपत्र सडकमाथि सवारी पार्किङ निषेध गरेपछि त्यसको विकल्पमा धरहरा क्षेत्रमा पार्किङ खुलाउने निर्णय भएको कामपाले जनाएको छ । कामपाले उक्त सेवा आज माघ १४ गतेदेखि सर्वसाधारणका लागि निःशुल्करूपमा उपलब्ध गराइने जनाएको छ ।

‘धरहरासँगै निर्माण भएको पार्किङ भवनको पहिलो तलामा आइतबारदेखि




निःशुल्क पार्किङ सेवा उपलब्ध हुने छ,’ महानगर प्रहरी बलका प्रमुख नगर प्रहरी वरिष्ठ उपरीक्षक राजुनाथ पाण्डेले भने, ‘न्युरोडमा कालोपत्र सडकमाथि सवारी पार्किङ निषेध गरेपछि सवारी चालकलाई सहज पार्किङस्थल उपलब्ध गराउने क्रममा उक्त स्थानबाट सेवा दिन लागिएको हो ।’ यसअघि काठमाडौं टावर (साविक पुरानो बसपार्क)मा निःशुल्क पार्किङ सेवा उपलब्ध गराइसकिएको उनले बताए । सरोकारवालासँगको समन्वयमा आजदेखि धरहरा क्षेत्रमा रहेको पार्किङ भवनमा सेवा उपलब्ध गराउन लागेको उनको भनाइ छ ।

पाण्डेका अनुसार ५० हजार स्क्वायर फिट क्षेत्रफल निःशुल्क पार्किङका लागि उपलब्ध हुने छ । सहिदगेटबाट नयाँ सडक जाँदा बायाँपट्टि काठमाडौं मलबाट खिचापोखरीतर्फ लाग्ने सडकबाट पार्किङ गर्ने ठाउँमा पुगिन्छ । गएको दसैंदेखि छठ पर्वसम्मको अवधिमा वडा कार्यालयले साझेदार र स्थानीय क्लबहरूसँगको सहकार्यमा निःशुल्क पार्किङ सेवा दिएको थियो ।

## पृष्ठ १ बाट क्रमशः

### कांग्रेस-माओवादी...

‘अहिले जे-जे कुरा आइरहेको छ । यो ठीक होइन । एकले अर्काको आलोचना गरेर हुँदैन बरू अहिलेको आवश्यकता त सरकारलाई सफल बनाउनु हो,’ उनले भने, ‘त्यसतर्फ गठबन्धन दलहरूको ध्यान जानुपर्छ ।’

राष्ट्रिय सभा चुनावअघि सिट बाँडफाँटलाई लिएर कांग्रेसप्रति माओवादीसहित नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय जनमोर्चालगायतका दलहरू असन्तुष्ट थिए । एकीकृत समाजवादी, जसपालगायत दलले त गठबन्धनबाटै अलग हुनेसम्मका चेतावनी दिएका थिए । अन्ततः सिट बाँडफाँट मिलाएर गठबन्धन राष्ट्रिय सभा चुनावमा गयो । यद्यपि, माओवादी भने चुनावमा कांग्रेसबाट कोशीमा धोका पाएको भन्दै कांग्रेससँगको गठबन्धनबारे गम्भीर समीक्षा गर्नुपर्ने पक्षमा पुगेको छ ।

तर, कांग्रेसका एक जना पदाधिकारीले भने राष्ट्रिय सभा अध्यक्षमा सौदाबाजीका लागि माओवादीबाट कांग्रेसलाई आरोपित गरेको बताए । जुन महत्त्व दिने विषय नै नभएको उनको भनाइ छ ।

‘माननीय कृष्णप्रसाद सिटौला राष्ट्रिय सभा अध्यक्ष हुने लाइनमा हुनुहुन्छ । शान्ति प्रक्रियाको महत्त्वपूर्ण नेता हो उहाँ तर अहिले उहाँलाई रोक्न माओवादी लागेको देखिन्छ,’ ती कांग्रेस पदाधिकारीले भने, ‘माओवादीले पनि आफू नै राष्ट्रिय सभा अध्यक्ष पद राख्ने भन्दै छ । यहीबेला यस्तो कुरा आउनु राजनीतिक सौदाबाजीबाहेक केही हुन सक्छ ?’

उसो त माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल आफूले सत्ता हस्तान्तरण गरेपछि संवैधानिक पदमा माओवादी एक जना पनि नहुने भएपछि राष्ट्रिय सभा अध्यक्ष आफैंसँग राख्न चाहेको माओवादीका नेताहरू बताउँछन् । संवैधानिक परिषद्मा प्रधानमन्त्री, प्रतिनिधिसभाका सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष, विपक्षी दलका नेता र प्रधानन्यायाधीश हुने व्यवस्था छ । प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे एमालेका हुन् । विपक्षी दल पनि नेकपा एमाले भएको र उक्त दलका अध्यक्ष केपी शर्मा ओली विपक्षी नेता छन् । हाल राष्ट्रिय सभा अध्यक्ष एमालेकै गणेशप्रसाद तिमिल्सिना छन् । तर, उनको पदावधि आगामी २० फागुनमा सकिँदै छ । यही पद प्रधानमन्त्री दाहालले आफैं राख्न चाहेका हुन् ।

परिषद्को अर्को सदस्य रहने प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की हुन् । यसकारण पनि आफूले प्रधानमन्त्री पद कांग्रेस सभापति शेरबहादुर देउवालाई आलोपालो प्रणालीअनुसार छाड्नेबित्तिकै माओवादीको संवैधानिक परिषद्मा सहभागिता शून्य हुने अवस्था हुनाले कांग्रेसलाई राष्ट्रिय सभा अध्यक्ष पद दिन नहुने मत माओवादीभित्र देखिन्छ ।

■ ■ ■

### लिखु जलविद्युत...

एमभी दुगडद्वारा प्रवर्द्धित उक्त आयोजना ग्लोबल हाइड्रोपावर एसोसियट लिमिटेडले निर्माण गरेको हो । त्यसो त उक्त आयोजनाको सुरुआतबाटै स्थानीयले विरोध गर्दै आएका थिए । यसअघि गत जेठमा पनि उक्त आयोजनाको बाँधबाट पानी चुहिँदा ४२ घर प्रभावित भएका थिए । आयोजनाबाट प्रभावितलाई सुरक्षित स्थानमा सार्न चासो नदेखाएको भन्दै स्थानीयले जिल्ला प्रशासन कार्यालय रामेछापमा उजुरी दिएका थिए । (राससको सहयोगमा)

■ ■ ■

### पूर्वप्रस्थान अभिमुखीकरण ...

यसैगरी वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई अनिवार्य रूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम दिएरमात्र प्रमाणपत्र जारी गर्ने व्यवस्था मिलाउन र अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ को दोस्रो संशोधनका प्रावधानहरूलाई क्रमश कार्यान्वयन गर्न पनि उनीहरूले प्रतिबद्धता जनाएका छन् । उल्लिखित सबै प्रतिबद्धताहरूको कार्यान्वयनमा वैदेशिक रोजगार व्यवसायी संघले आवश्यक सहयोग र सकारात्मक भूमिका निर्वाह गर्ने मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगारीमा जाने कामदारको पूर्वप्रस्थान अभिमुखीकरण तालिम एवं स्वास्थ्य परीक्षण गर्ने कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले सरोकारवालासँग व्यापक अन्तरक्रिया तथा छलफल गरेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता राजीव पोखरेलले बताए । कार्यक्रममा मन्त्रालयबाट सम्बन्धीत क्षेत्रमा भएका अनुगमन प्रतिवेदनहरू प्रस्तुत हुनुका साथै पूर्व प्रस्थान अभिमुखीकरण तालिम र स्वास्थ्य परीक्षण कार्यमा हाल विद्यमान कमीकमजोरी एवं तालिम तथा स्वास्थ्य परीक्षण कार्यलाई अझ बढी विश्वसनीय र प्रभावकारी बनाउन व्यापक छलफल भएको उनले जानकारी दिए ।


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८०/१०/१४ गते)

राम ध्वज राईको नाती, बर्ण सिंह राईको छोरा, हर्कमाया राईको श्रीमान मोरङ जिल्ला राजघाट गाउँ पँचायत वंडा नं ०६ स्थाई ठेगाना भई हाल मोरङ जिल्ला उर्लाबारी नगरपालिका वंडा नं. ९ बस्ने श्रीमान मन बहादुर राई को मिति २०८०/०९/०३ गते मा मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ०२०००१३१०८६००००१ मा मौज्दात रहेको रकम भुत्तानी पाउँ भनि निज खातावालको श्रीमती हर्कमाया राईले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचना द्धारा जानकारी गर

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय उर्लाबारी मोरङ्ग ,सम्पर्क नं.–०२१–५४२०६२/६३



**सच्याईएको सम्बन्धमा**

मिति २०८०/१०/१२ मा ‘प्रभाव’ राष्ट्रिय दैनिक पत्रिकामा **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड**को तर्फबाट प्रकाशित गरिएको **३५ दिने कर्जा चुक्ता गर्न आउने सार्वजनिक सुचना** मुताविक **श्री होटल सेक्रेट हेभेन**को धितो सुरक्षणको विवरणमा **कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं. ६** हुनुपर्नेमा अन्यथा भएकोले अन्य विवरण यथावत रहने गरी मात्र सच्याइएको व्यहोरा जानकारी गराईन्छ ।

NIMB
नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.




**रजिष्ट्रेसन सर्टिफिकेट हरायो**

नेपाल नर्सिङ काउन्सिलको **रिता भट्टराईको रजिष्ट्रेसन नं. ६५०३ मिती 15 Decembe 2005** मा जारी भएको सर्टिफिकेट मिति २०८०/०७/१५ गते आलोकनगरबाट काठमाडौंस्थित सुविधानगर कोठा सर्ने क्रममा उक्त सर्टिफिकेट हराएको हुँदा भेट्नुहुने महानुभावहरूले प्रहरी तथा तलको फोन नम्बरमा सम्पर्क गरी दिनु हुन अनुरोध छ ।

**नोसन भट्टराई**
सम्पर्क नं.९८४३०१४९०८
सुनवल न.पा-४, नवलपरासी


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


माघ १४ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । |
| **वृष** | स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु होला । |
| **मिथुन** | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला । |
| **कर्कट** | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । |
| **सिंह** | अरूको मुख नताकी सही निर्णय लिन सके प्राप्त होला । |
| **कन्या** | प्रेमसम्बन्ध र प्रणयप्रसंगका लागि श्रेष्ठ समय रहेको छ । |
| **तुला** | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **वृश्चिक** | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन् । |
| **धनु** | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **मकर** | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ । |
| **कुम्भ** | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ । |
| **मीन** | प्रेममा मनमुटावका साथै मन कमजोर रहला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ १४ गते, २०८०, २८ जनवरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६२ | १३३.२२ |
| युरो | १ को | १४४.४२ | १४५.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.५८ | १६८.३४ |
| स्विस फ्रैन्क | १ को | १५४.१० | १५४.८० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५५ | ८७.९५ |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९८.९२ | ९९.३७ |
| जापानी येन | १० को | ९.०४ | ९.०८ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.३६ | ३५.५२ |
| कतारी रियाल | १ को | ३६.३६ | ३६.५२ |
| थाई भाट | १ को | ३.७५ | ३.७७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.११ | ३६.२७ |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९२ | ९.९७ |
| स्विडिस क्रोनर | १ को | १२.७४ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.३६ | १९.४५ |
| हङकङ डलर | १ को | १६.९५ | १७.०३ |
| कुवेती दिनार | १ को | ४३०.९५ | ४३२.९० |
| बहराइन दिनार | १ को | ३५१.८१ | ३५३.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# ‘देशको समृद्धिमा चिनियाँ सहयोग महत्त्वपूर्ण’




**काठमाडौं (प्रस)**– उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालको आर्थिक समृद्धि र स्थिरतामा चिनियाँ सहयोग महत्त्वपूर्ण रहेको बताएका छन् । सिल्क रोड इन्टरनेसनल थिंक टचांक एक्स्चेन्ज सेन्टर, चीनको बेइजिङ भाषा तथा सांस्कृतिक विश्वविद्यालय र साइनो नेपाल मिडिया सोसाइटीले शनिबार यहाँ आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले पूर्वाधार नेपाल-चीन सहकार्यका आधारस्तम्भका रूपमा रहेको बताए ।

उपप्रधानमन्त्री श्रेष्ठले सडक, पुल र ऊर्जालगायत ठूला परियोजनाबाट बढाइएको ‘कनेक्टिभिटी’ले द्विपक्षीय सम्बन्धलाई मात्र बलियो बनाउनाका साथै क्षेत्रीय सहयोग र आपसी एकतामा पनि महत्त्वपूर्ण टेवा दिएको बताए । ‘दुई मुलुकबीच आपसी सम्बन्ध अभिवृद्धि गर्न सांस्कृतिक आदानप्रदान शक्तिशाली माध्यम हुन्,’ उनले भने, ‘साझा सांस्कृतिक सम्पदा तथा सदियौंदेखिका परम्पराले पारस्पारिक समझदारी कायम गर्न बलियो आधार प्रदान गरेको छ ।’

नेपाल र चीनबीचको दीर्घकालीन सामाजिक-आर्थिक सम्बन्ध साझा विकासको दृष्टिमा अनुपम नमूना भएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले दिगो विकास र समावेशी समृद्धिको लक्ष्य प्राप्तिमा आपसी प्रयास आवश्यक रहेकामा जोड दिए ।

चीनले अगाडि सारेको ‘बेल्ट एन्ड रोड इनिसिएटिभ’ (बिआरआई) अवधारणा दक्षिण एसियाको आर्थिक परिदृश्यलाई आकार दिने महत्त्वपूर्ण साधनका रूपमा उभिएको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले कनेक्टिभिटी, पूर्वाधार विकास र आर्थिक सहयोग अभिवृद्धिमा बिआरआईले जोड दिएको बताए । ‘दक्षिण एसियाली क्षेत्रमा नयाँ सम्भावना खोल्ने, व्यापारलाई सहज बनाउने र आर्थिक वृद्धिलाई प्रोत्साहन गर्ने विषयलाई बिआरआईले परिकल्पना गरेको छ, नेपालजस्ता राष्ट्रका लागि यी पहलले आर्थिक रूपान्तरण गर्न सहज हुन्छ,’ उनले भने ।

नेपाल-चीन सम्बन्ध सदियौं पुरानो तथा पारस्परिक सम्मान, समझदारी र सहयोगमा आधारित रहेको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले दुई देशबीचको सम्बन्ध कूटनीतिक र आर्थिक क्षेत्रमा मात्र नभई सांस्कृतिक र शैक्षिक क्षेत्रमा पनि प्रगाढ हुँदै गएकामा खुसी व्यक्त गरे । ‘हालैका वर्षमा नेपाल-चीन सम्बन्धमा उल्लेखनीय प्रगति भएको छ, नेपालको सामाजिक-आर्थिक विकासमा सहयोग गर्ने चीनको प्रतिबद्धता अटल रहेको छ,’ उनले भने, ‘बिआरआईले कनेक्टिभिटी बढाउने र आर्थिक सहयोगलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ, यसबाट दुई राष्ट्रबीच सहकार्यका लागि नयाँ ढोका खुलेको छ ।’

नेपालका लागि चिनियाँ दूतावासका वाणिज्य सल्लाहकार सी युले नेपाल र चीनबीचको सम्बन्ध मित्रता, आपसी विश्वास र रणनीतिक साझेदारीमा आधारित रहेको बताए । दुई देशले विकास र समृद्धितर्फ उन्मुख दिगो मित्रताको रणनीतिक साझेदारी स्थापना गरेको उल्लेख गर्दै उनले चीन-नेपाल मित्रताले नयाँ अध्यायको ढोका खोलेको बताए ।

# सहिद सप्ताहमा माथेमाको सम्झना

**काठमाडौं (प्रस)**– सहिद धर्मभक्त माथेमाले सहादत प्राप्त गरेको स्थान काठमाडौंको सिफल उकालोमा शनिबार स्मृतिसभा गरी उनलाई सम्झना गरिएको छ । सहिद सप्ताह मूल समारोह समिति काठमाडौं महानगरपालिकाको आयोजना प्रजातन्त्र प्राप्तिका लागि धर्मभक्त माथेमाले अमरत्व प्राप्त गरेको स्थानमा स्मृतिसभा गरिएको हो । कामपाले यही माघ १० गतेदेखि माघ १६ गतेसम्म सहिद सप्ताह कार्यक्रम गर्दै आएको छ ।

सहिदको सालिकमा पुष्पगुच्छा अर्पण गर्दै कामपाको उपप्रमुख सुनिता डंगोलले सुखसयल त्यागेर नागरिक स्वतन्त्रताका लागि प्राण उत्सर्ग गरेको बताइन् । सहिद माथेमाको सम्मानमा कामपाले वडा नं २३ ओमबहालमा पार्क बनाएको छ । महानगरको लगानीमा निर्माण हुने मानवसेवा आश्रम उनकै नामबाट बनाउने योजनामा रहेको डंगोलले जानकारी दिइन् ।

सभामा वडा नं ७ का अध्यक्ष विमल होडाले, असल शासन र विधिको शासनको संस्थागत विकासले मात्र सहिदको सपना पूरा हुने बताए । त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाले विद्यालयस्तरमा सहिदका बारेमा बुझाउन सक्नुपर्ने बताए ।

वि.सं. १९६६ असोज ९ गते काठमाडौंको ओमबहाल, नबहिलमा जन्मिएका माथेमालाई तत्कालीन शासकका विरुद्धमा गतिविधि सञ्चालन गरेको आरोपमा १९९७ कात्तिक २ गते पक्राउ गरिएको थियो । उनलाई १९९७ माघ १३ गते काठमाडौंको सिफलमा ३१ वर्षको उमेरमा बकाइनोको रुखमा झुन्ड्याएर प्राणदण्ड दिइएको थियो ।

तत्कालीन राणा प्रधानमन्त्री जुद्ध शमशेरले १९९७ साल माघ ६ गते शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई ज्यानदण्ड दिने निर्णय गरेका थिए । निर्णय भएको चार दिनपछि शुक्रराज शास्त्रीलाई टेकु मचलीमा झुन्ड्याएर, सात दिनपछि धर्मभक्त माथेमालाई सिफल उकालोमा झुन्ड्याएर र नौ दिनपछि दशरथचन्द र गंगालाल श्रेष्ठलाई विष्णुमती नदी किनार शोभा भगवतीमा गोली हानी मृत्युदण्ड दिइएको थियो ।

## उपत्यकामा सवारी दुर्घटना

# छ महिनामा ८८ जनाको मृत्यु

**काठमाडौं**– गत पुस २८ गते काठमाडौंको चन्द्रागिरि नगरपालिका-४ हिमचुली सेतो पहरानजिक कार दुर्घटना हुँदा एकै परिवारका पाँच जनाले ज्यान गुमाए । प्रदेश ३-०१-२३ च ६९८५ नम्बरको कार दुर्घटना हुँदा काठमाडौंको लाजिम्पाट बस्ने वरिष्ठ चिकित्सक महेशकुमार गौतम, उनका ससुरा ओमकारनिधि तिवारी, सासू कल्पना तिवारी, छोरा प्रियान्स गौतम र छोरी स्मारिका गौतमको ज्यान गयो ।

बाटोको दूरावस्था र घुम्तीका कारण उक्त दुर्घटना भएको जनाइएको छ । लामो समयदेखि काठमाडौंबाट मकवानपुरको चित्लाङ जाने बाटो भए पनि अहिलेसम्म उक्त बाटो कालोपत्रे हुन सकेको छैन । यस्तै, गत वर्ष फागुन २४ गते साँझ काठमाडौंको शंखरापुर नगरपालिका साँखुस्थित इन्द्रायणीमा भएको सवारी दुर्घटनामा ५० वर्षीय सञ्चारकर्मी पवनलाल श्रेष्ठको ज्यान गयो ।

साँखु-जोरपाटी सडकखण्डमा साँखुबाट ब्रह्मखेल जाँदै गरेको बा५ख २४१४ नम्बरको ट्रिपरले सञ्चारकर्मी श्रेष्ठले चलाएको बा९४प ४४९८ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा श्रेष्ठको मृत्यु भएको हो । उनी राष्ट्रिय समाचार समिति (रासस)का पूर्वसमाचारदातासमेत थिए । सोही दिन सोही ट्रिपरको ठक्करबाट साँखुका २२ वर्षीय हरि खड्काकोसमेत ज्यान गयो । खड्काले चलाएको बा८२प ८३५७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा उनको मृत्यु भएको हो ।

माथि उल्लिखित घटना प्रतिनिधिमूलक घटनामात्र हुन् । पछिल्लो समय काठमाडौं उपत्यकाभित्र सवारी दुर्घटनाका कारण बर्सेनि सयौं व्यक्तिले अकालमा ज्यान गुमाउँदै आएका छन् । आफूले ठीक ढंगबाट सवारीसाधन चलाउँदा चलाउँदै पनि अर्को सवारीसाधनका कारण अकालमा ज्यान गुमाउनुपरेको इतिहास छ । यस्तै, जथाभावी सवारीसाधन चलाउनु र बाटो काट्नुले पनि सवारी दुर्घटना बढेको पाइन्छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षको पुस मसान्तसम्म पाँच हजार ८६५ सवारी दुर्घटना हुँदा ८८ जनाले अकालमै ज्यान गुमाउनुपरेको छ । यस्तै, १४८ जना गम्भीर घाइते भएका छन् भने चार हजार ४३८ जना सामान्य घाइते भएका छन् ।

काठमाडौं उपत्यकामा सवारी दुर्घटनाको अवस्था कहालीलाग्दो छ । काठमाडौं उपत्यकामा सवारी दुर्घटनामा परी मृत्यु हुनेमा मोटरसाइकल चालक र पैदलयात्रु बढी छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष पुन्यप्रसाद (सरोज) सिटौला काठमाडौं उपत्यकाभित्र जथभावी ढंगले दुईपांग्रे सवारीसाधन चलाउँदा बढी दुर्घटना हुने गरेको बताउँछन् । ‘उपत्यकाभित्र मोटरसाइकल तथा स्कुटर जथाभावी कुदाउने र पैदलयात्रुले पनि जथाभावी ढंगले बाटो काट्दा बढी दुर्घटना भएको देखिन्छ,’ उनी भन्छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्ट उपत्यकाभित्र हुने सवारी दुर्घटनालाई कम गर्न ट्राफिक प्रहरीले विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको बताउँछन् । ‘दुर्घटनालाई कम गर्न मादकपदार्थ सेवन (मापसे) जाँचमा कडाइ, तीव्र गतिलाई नियन्त्रण गर्न प्रतिघण्टा ५० किलोमिटरभन्दा बढीको गतीमा सवारीसाधन चलाउन नपाइने नियम, सवारीसाधनको स्थिति जाँच, लामो दूरीका सवारीसाधनमा दुई चालक छन् या छैनलगायत विषयलाई विशेष निगरानी गर्दै आएका छौं,’ उनी भन्छन् । साँघुरो बाटोमा तीव्र गतीमा सवारी चलाउँदा दुर्घटना हुने गरेको प्रवक्ता भट्टको भनाइ छ ।

> ‘दुर्घटनालाई कम गर्न मादकपदार्थ सेवन (मापसे) जाँचमा कडाइ, तीव्र गतिलाई नियन्त्रण गर्न प्रतिघण्टा ५० किलोमिटरभन्दा बढीको गतीमा सवारीसाधन चलाउन नपाइने नियम, सवारीसाधनको स्थिति जाँच, लामो दूरीका सवारीसाधनमा दुई चालक छन् या छैनलगायत विषयलाई विशेष निगरानी गर्दै आएका छौं,’ उनी भन्छन् । साँघुरो बाटोमा तीव्र गतीमा सवारी चलाउँदा दुर्घटना हुने गरेको छ ।

ट्राफिक प्रहरीले चालु आवमा विभिन्न कसुरमा चार लाख ५० हजार ७२९ सवारीसाधनलाई कारबाही गरेको छ । जसमध्ये मादकपदार्थ सेवन गरी सवारी चलाउने १८ हजार ६२७ चालकलाई कारबाही गरेको छ । यस्तै, लेन अनुशासनमा २९ हजार ४०२, तीव्रगतिमा ६१ हजार ८४३, रातो बत्तीमा १३ हजार ३०७, फुटपाथ सडक पार्किङमा ५९ हजार ८५७, बढी भाडामा २१४, नो हर्नमा छ हजार २७०, ओभरलोडमा तीन हजार ३३७ सवारीसाधनलाई कारबाही गरेको छ ।

मुलुकभर सवारी दुर्घटना बढेपछि सरकारले यातायात क्षेत्रको समग्र अवस्थाबारे अध्ययन गर्न नेपाल सरकारका पूर्वसचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा ‘यातायात सुधार सुझाव कार्यदल’ निर्माण गरेको थियो ।

उक्त कार्यदलले झण्डै एक वर्ष लगाएर मुलुकको यातायात क्षेत्रको समग्र अवस्थाबारे अध्यययन गरेर सरकारलाई सुझाव हस्तान्तरणसमेत गरिसकेको छ । उक्त कार्यदलको प्रतिवेदनअनुसार सडक यातायात दुर्घटनाको प्रमुख जोखिम क्षेत्र नै हो । नेपालमा प्रत्येक वर्ष करिब तीन हजार सर्वसाधारणको सवारी दुर्घटनामा परी ज्यान जाने गरेको प्रतिवेदनले औंल्याएको छ ।

प्रत्येक दिन नेपालमा औसत आठ जनाको मुत्यु दुर्घटनाबाट भएको प्रतिवेदनमा उल्लेख छ । सडक दुर्घटनामा सबैभन्दा बढी कम उमेर समूह १५ देखि २९ वर्षसम्मका सर्वसाधारणको ज्यान जाने गरेको तथ्य पनि प्रतिवेदनमा छ । दुर्घटनामा संलग्न सवारीसाधनमा मोटरसाइकलको हिस्सा सबैभन्दा धेरै ५०.७२ प्रतिशत छ ।

दुर्घटनावाट मृत्यु हुनेमा युवा समूह बढी रहेको उक्त तथ्यांकले पुष्टि गरेको छ । नेपालमा बर्सेनि सडक दुर्घटनामा परी घाइते हुनेको संख्या ११ हजारभन्दा बढी रहेको छ । उक्त संख्या प्रत्येक वर्ष वृद्धि भइरहेको प्रतिवेदनले औंल्याइएको छ । काठमाडौं महानगरपालिकाका यातायातविज्ञ जगतमान श्रेष्ठ ९० प्रतिशतभन्दा बढी दुर्घटना मानवीय कारणले हुने गरेको बताउँछन् । ‘चालक, पैदलयात्रु र यात्रुका कारण धेरै दुर्घटना हुने गरेका छन्,’ उनी भन्छन् ।

काठमाडौं उपत्यकामा भने साँघुरो बाटो र तीव्र गतिका कारण बढी दुर्घटना हुने गरेको उनको भनाइ छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट काठमाडौं उपत्यकाभित्र (काठमाडौं, भक्तपुर र ललितपुर) को सवारी व्यवस्थापनका लागि प्रहरी नायव महानिरीक्षक (डिआइजी) को नेतृत्वमा एक हजार ८०० ट्राफिक प्रहरी परिचालित छन् ।

हाल देशभर ४० लाखभन्दा बढी सवारीसाधन सञ्चालनमा छन् । तीमध्ये काठमाडौं उपत्यकामा मात्र झण्डै १८ देखि २० लाख सवारीसाधन सञ्चालनमा रहेको तथ्यांक छ । *रासस*


## Nepalgunj Sub-Metropolitan City Office
### Nepalgunj, Banke

## Invitation for Bids

**Date of Publication:- 2080-10-14 (2024-01-28 AD)**

1. Nepalgunj Sub-Metropolitan City Office, Nepalgunj, Banke invites single stage Single envelope electronic bid from eligible bidders for the Construction of following works under National Competitive Bidding Procedure.

| S. N. | Contract ID. No. | Description of Work | Estimated Amount (Without VAT, Contingency And PS) NRs. | Bid Security Amount (NRs) | Bidding Document Fee (NRs) | Bid Validity /Bid Security validity period | Last Date and Time of Bid Submission | Date And Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | NSMC/NCB/ W13/080/81 | Blacktopped Road Construction at four different places of Nepalgunj, Banke | 65,01,714.18 | 1,90,000.00 | 3,000.00 | 90 days/120 days from the last date of bid submission | 2080/11/15BS (2024-02-27AD) 12:00 Noon | 2080/11/15 BS (2024-02-27 AD) 2:00 PM NSMC Office |
| 2 | NSMC/SQ/ W02/080/81 | Dailekhi bangalama bhautik Nirman Karya. | 1,723,379.64 | 50,000.00 | 1,000.00 | 45 days/ 75 days from the last date of bid submission | 2080/11/01BS (2024-02-13AD) 12:00 Noon | 2080/11/01BS (2024-02-13AD) 2:00 PM NSMC Office |

2. Account No. for Bid document Purchase

| Bank | Office Name | Revenue Account Number | Office Code |
|---|---|---|---|
| Rastriya Banijya Bank Ltd | Nepalgunj Sub Metropolitan Office, Banke | Nepalgunj U.Ma.Na.Pa (Ga-1-1)-Aantarik 4130100301010002 | 1126165 |

3. Eligible bidders may obtain further information from ( www.bolpatra.gov.np.egp ) Website of Public procurement monitoring Office (PPMO).

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# चिसोबाट जोगिऔं

यसपालिको हिउँदमा वर्षा हुन सकेको छैन । तर, पछिल्लो समय देशभर चिसो बढिरहेको छ । हिमाली क्षेत्रमा सामान्य हिमपात हुँदा तापक्रम माइनसमा झरेको छ । पहाडी क्षेत्रमा पनि त्यसको प्रभाव परेको छ । यता तराईमा शितलहरका कारण चिसो बढ्ने क्रम जारी छ । काठमाडौं उपत्यकामा पनि चिसो बढिरहेको छ ।

यसैबीच शनिबार काठमाडौं उपत्यकामा यस वर्षकै सबैभन्दा कम २.५ डिग्री सेल्सियस तापक्रम मापन गरिएको जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले जानकारी दिएको छ ।

शाखाका वरिष्ठ मौसमविद् मिनकुमार अर्यालका अनुसार शनिबार बिहान ५:०० बजेतिर न्यूनतम तापक्रम २.९ डिग्री सेल्सियस मापन भएकामा बिहान ८:४५ बजेको समयमा झरेर न्यूनतम तापक्रम २.५ डिग्री मापन गरिएको थियो । जुम्लामा माइनस ५.३ र मुस्ताङको जोमसोममा माइनस ५.५ डिग्री रेकर्ड भएको बताइएको छ । निरन्तरको शीतलहरसँगै बढेको जाडोबाट कैलालीसहितका जिल्लाको जनजीवन कष्टकर बनेको छ । चिसोबाट वृद्धवृद्धा, स्कुले बालबालिका र दैनिक मजदुरी गरेर जीविका चलाउने बढी प्रभावित भएका बताइएको छ । यसैगरी शीतलहर र बाक्लो हुस्सुका कारण भिजिविलिटी नहुँदा नेपालगञ्ज विमानस्थलबाट हुने हवाई उडान शनिबार प्रभावित भए । शनिबार उक्त विमानस्थलबाट कुनै पनि उडान हुन सकेन । बाक्लो हुस्सु र शीतलहरका कारण जनजीवन प्रभावित भएको छ । नेपालगञ्जमा स्थानीयले विभिन्न चोकमा दाउरा बालेर आगो तापेको दृश्य जतासुकै देख्न पाइन्छ ।

यसरी चिसो निरन्तर बढ्दा स्वास्थ्यमा समस्या आउने भएकोले चिसोबाट जोगिनुपर्ने चिकित्सकहरूको सुझाव छ । विशेषगरी वृद्धवृद्धा, बालबालिका, शारीरिक रूपमा अशक्तता भएकालगायत समाजका कमजोर वर्गालाई यस्तो बेला बढी ख्याल गर्नुपर्छ । तराईको शीतलहरले प्रत्येक वर्ष धेरैले ज्यान गुमाउनुपरेको तथ्यांक छ । त्यसैले शीतलहरबाट जोगिने व्यवस्था गर्न सरकार जिम्मेवार बन्नुपर्छ । यस्तो बेला स्थानी तहले बढी भूमिका खेल्नुपर्छ । केही स्थानीय तहले यसको अभ्यास सुरू गरिसकेका छन् । जसमा नेपालगञ्ज उपमहानगरपालिकालाई लिन सकिन्छ, उक्त नगरले केही साताअघि चिसो बढेको भन्दै सामूहिकरूपमा आगो ताप्न दाउरा वितरण गरेको थियो । यसले शीतलहरको चिसोबाट प्रभावितलाई केही हदसम्म राहत दिएको देखिन्छ । तर यतिमात्र पर्याप्त होइन । जनतालाई चिसोबाट जोगाउन थप उपायहरू अवलम्बन गर्न जरुरी छ । मानिसको स्वास्थ्यभन्दा ठूलो केही होइन, त्यसैले चिसोबाट स्वास्थ्यमा पुऱ्याउने असरबारे सर्वसाधारणमा जनचेतना जगाउन तत्काल पहल गर्नुपर्छ । चिसोबाट जोगिऔं र जोगाऔं ।

## सन्दर्भ सहिद दिवसः

# वास्तविक सहिदको मानमर्दन



पदम श्रेष्ठ

जीवन कि मृत्यु ? कुनै एक राज्यका जल्लादहरूले दिएको चुनौतीमध्ये आफ्नो मूल्यमान्यता र आदर्शका लागि सहर्ष मृत्यु रोज्ने महान् सपूत् नै वास्तवमा 'सहिद' हुन् । सडकमा हिँडिरहँदा वा झचालमा बसिरहँदा अचानक लाठी गोली लागि वा कुनै कारणवश मृत्यु प्राप्त व्यक्ति कदापि 'सहिद' हुन सक्दैन । बरु यसले त वास्तविक सहिदकै अपमान र मानमर्दन हुन पुग्छ भन्ने मत राख्नुहुन्थ्यो, 'क्रान्ति : एक दिशाबोध' पुस्तकका लेखक तथा सहिद स्मारक समितिका सभापति स्व. प्रकाशधर शर्मा । तर दुःखका साथ भन्नुपर्छ- हाम्रो देशमा त्यसरी मृत्यु भएकासमेतलाई 'सहिद' र सोको नाममा व्यापार गर्नेसम्मको कुसंस्कार संस्थागत हुँदै गइरहेको छ ।

बरु भवितव्यमा मृत्यु भएकाको नाउँमा सम्मानस्वरूप राज्यको ढुकुटीबाट १०-१० लाख रूपैयाँमात्र होइन अझै बढी रकम र जागिर सुविधा दिउँ तर सहिदको त्याग योगदानलाई न्यून मूल्यांकन हुनेगरी जथाभावी घोषणा गर्दै नहिँडौं भन्ने आजको आवाज बनेको छ ।

सहिद गंगालालकै दृष्टान्त लिँदा जल्लाद राणा सरकारले उनलाई मृत्युको बलिवेदीमा चढ्नुअघि सोधेका थिए- अझै पनि माफी मागे जीवन बक्सिस पाउँछौं, माग्ने हो माफी ? युवा गंगालाल वा दशरथ चन्दहरूले निर्भीक भई उत्तर दिए- भिख मागेको जीवन बाँच्नुभन्दा बरू मृत्यु नै ठीक छ । क्याबात् !

दुर्भाग्य, आज हाम्रो देशमा सहिद र राजनीतिलाई पनि व्यापार गरी विकृत तुल्याउने कार्य भएको छ । निश्चय नै यसबाट सहिदको मानसम्मान र गरिमा बढ्ने छैन, घट्ने नै छ । मानिआएअनुसार नेपालको पहिलो राजनीतिक दल नेपाल प्रजा परिषद् घटनाअन्तर्गतको '९७ सालको काण्ड' अर्थात् सहिद पर्वमा परेका टंकप्रसाद आचार्य-रामहरि शर्माहरू पनि चार सहिदसँगै फाँसी दिइन्थे तर एउटै कारण तिनीहरू सूली चढ्नबाट बचे, त्यो हो- उनीहरू ब्राह्मण थिए । धर्मभीरु राणाहरू धर्मशास्त्रमा उल्लेख भएअनुसार राजकाजअन्तर्गत ब्राह्मणलाई फाँसी दिई ब्रह्महत्याको अवगाल खप्न तर्किन्थे । यही कारण थियो- जुद्धशमशेर राणाले टंकप्रसाद-रामहरि शर्माहरूलाई मृत्युदण्ड नदिई चारपाटा मुडी दामल गरेर कारावास सजायमात्र दिएका थिए । यसैकारण इतिहासमा यिनलाई 'जिउँदा सहिद' को सम्मान प्राप्त भएको हो ।

अतः जो कसैले पनि मरणोपरान्त, फाँसी वा जीवित अवस्थामै यी प्रक्रियाहरू पूरा गरेका छन् भने निश्चय नै तिनीहरू महान्, सम्मानोचित र सहिद वा सहिदसरह पुजनीय छन् तर ती पूर्वसर्त तिनीहरूबाट परिपूर्ति हुँदैन भने कुनै अर्को प्रकारले तिनको उचित सम्मान र क्षतिपूर्ति भए पनि सहिदको व्यवहार भने दिइनुहुन्न, किनभने वास्तविक सहिदको अपमान र घटौती हुन जान्छ ।

सहिद चिनियालाल सिंहकी छोरी उषा सिंह पनि भन्नुहुन्थ्यो- देशको पहिलो प्राइभेट स्कुल महावीर इन्स्टिच्युट स्थापना गरेको भन्ने आरोपमा जेल जीवन व्यतीत गरिरहेका आफ्ना पितालाई जेलमा नै ज्वरोले थला परेका बेला दही चिउरा खुवाएर हत्या गरियो । तर लामो समयसम्म सहिदको कोटीमा राख्न पञ्चायती सरकारले आनाकानी गरिरहयो तर पछि क्षमा मागेर जेल जीवनबाट मुक्त हुन नमानेबापत ज्वरोले ग्रस्त मेरा पितालाई दही चिउरा खान बाध्य बनाएर हत्या गरेको प्रमाणित भएपछिमात्र सहिद घोषणा गरिएको थियो ।

### सहिदको त्याग र वर्तमान अवस्था

राणाकालदेखि पञ्चायत र माओवादी विद्रोह, मधेस आन्दोलनसम्म २०४६/४७ र २०६२/६३ को जनआन्दोलनको क्रममा सहिद, घाइते, अंगभंग र बेपत्ताहरूको त्याग, बलिदान र रगत-पसिनाको हिसाबकिताब त फेरि कहाँ छ कहाँ । किनभने ती सहिदहरूको बलिदानपछि पनि परिवर्तन संस्थागत हुन सकेको छैन । त्यसविपरीत एकपछि अर्को सहिदको संख्या बढ्ने, कुशासन, गरिबी र संक्रमणकाल लम्बिनेक्रम बढ्दो छ राष्ट्रमा । निश्चय नै अब यो प्रश्नको उत्तर खोज्ने बेला आइसकेको छ । जनआन्दोलन ०६२/६३ को मूल मर्म थियो- जनआन्दोलन ०४६/४७ का उपलब्धिहरूमाथि भए गरेका खेलवाड र दुरूपयोगहरूको पुनरावृत्ति गरिने छैन भन्ने नेतृत्व वर्गको प्रतिबद्धता । सँगसँगै यसमा माओवादी 'जनयुद्ध'को पनि फ्युजन भएकाले ०६२/६३ को जनआन्दोलनबाट सर्वसाधारणको ठूलो अपेक्षा र आकांक्षा थियो ।

'सहिद'को पदवीमात्र वास्तविक सम्मानको पर्याय हुन्छ भन्ने छैन तर प्रश्न मानसम्मानको मात्र पनि होइन । त्यसविपरीत आत्मा वा समाजका लागि बलिदान गर्नेहरूमाथि खेलवाड वा तिनको व्यापारीकरण गर्नु कत्तिको सही र नैतिकतापूर्ण हुन्छ भन्नेचाहिँ मुख्य प्रश्न हो ।

सहिदको प्रश्न पनि यही बनेको छ । बटुवादेखि बरण्डामा लुगा सुकाइरहेको अनि सडक दुर्घटनादेखि संयोगले मुठभेडमा परी दिवंगत भएकोसम्म सहिद हुन सक्छन्, सक्दैनन् ? मुख्य कुरा सहिद भन्ने संज्ञा व्यापार वा कमाउ वा राजनीतिबाजी गर्ने सस्तो वस्तु हो वा कुनै निर्दिष्ट लक्ष्यका लागि सुविचारित ढंगले ज्यान उत्सर्ग गर्ने विरलाकोटीमध्ये एक महान् आत्मा नै सहिद हुन ठोकुवा गर्न सक्नुपर्छ ।

चार सहिदको शिरमा तिनै सहिदलाई मृत्युदण्ड सदर गर्न लालमोहर लगाइदिने राजा त्रिभुवनको सालिक राखेर सहिदगेटको निर्माण गरी सहिदको अपमान हुने कार्यलाई गणतान्त्रिक सरकारले पनि सुधारेको छैन । त्यो भन्दा अझै ठूलो विडम्बना नेपालका प्रथम सहिद लखन थापा मगरलाई मानिएको छ तर राज्यले उनको नाउँमा कुनै पनि सम्मानका कार्यक्रम ल्याएको छैन भने सहिदलाई पनि जातीय रूपमा भेदगरी नेपालका शारीरिक सुगठन बंगाल च्याम्पियन राजा त्रिभुवनका पनि व्यायाम गुरु धर्मभक्त माथेमाको नाउँमा त्रिपुरेश्वरको रंगशालाको नाउँ राख्नुपर्नेमा 'ताइ न तुई, टाउको दुखेको औषधि नाइटामा लाई' को पारामा दशरथ रंगशाला घोषणा गरी सहिदकै अपमान गर्ने कार्य हुन गएको छ । जुन कर्म गणतान्त्रिक सरकारले सुधार्नुपर्थ्यो ।

### माघ १०-१६ मा 'सहिद सप्ताह'

वि.सं. २०१२ सालदेखि तत्कलीन काठमाडौं नगरपालिकाको सक्रियतामा २००७ सालको क्रान्तिपूर्वका सहिदहरूको सम्झनामा एकमुष्ट माघ १० देखि १६ गतेलाई हप्ताहव्यापी 'सहिद दिवस' मान्न थालिए पनि यो एक कर्मकाण्डीय कुरामात्रै हुँदै आएको सर्वविदितै छ । त्यताबाट हेर्दा के देखिन्छ भने २०४७ साउन १९ मा सूर्यबहादुर शक्यको संयोजकत्वमा गठित बेपत्ता तथा कारागारमा भएकाहरूको अवस्था छानविन आयोगलगायतका आयोगहरूमार्फत पनि सहिदहलाई व्यवस्थित गर्ने वा सूचीकरण गर्ने कामहरू बारम्बार हुँदै नै आए । यस क्रमको पछिल्लो २०७२ माघ १९ गते बहालवाला रक्षा तथा उपप्रधानमन्त्री भीम रावलको संयोजकत्वमा गठित पाँच सदस्यीय 'सहिदसम्बन्धी छानविन आयोग'सम्म आइपुग्दा थप दुई-तीनवटा आयोग वा कार्यदल गठन भइसके पनि न त सहिदसम्बन्धी मापदण्ड नै निर्दिष्ट हुन सके न सहिदहरूको संख्या नै किटान हुन सक्यो । २०४९ माघ १६ गते काठमाडौं नगरपालिकाले 'सहिदहरूको सम्मान गर्ने, तिनका परिवारजनहरूको सहयोग गर्ने, प्रजातान्त्रिक आन्दोलनमा सहादत प्राप्त गर्नेहरूको वास्तविक र पूर्ण लगत तयार गर्ने' उद्देश्यले 'सहिद कल्याण कोष'को स्थापना गरे पनि सहिद गंगालालकी पत्नी श्रीमती हसनादेवीलाई एक लाख नगद र सम्मानपत्र दिनुबाहेक अर्थोक केही पनि भए गरेको देखिएको छैन । यसरी नै पछिल्लोपटक केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले २०७२ फागुन १९ गते निरंकुशताविरुद्ध लड्दा ज्यान गुमाउने भीमदत्त पन्त र झापा आन्दोलनका योद्धासमेत २२ जनालाई सहिद घोषणा गर्दै अघि भनेजस्तो थप सहिदहरूको खोजविनका लागि अर्को आयोग पनि गठन गर्ने काम भएको छ भने माओवादीद्वारा सञ्चालित सशस्त्र द्वन्द्वकालमा दुवैतर्फबाट गरी ८१२ जना बेपत्ता पारिएकाको सूची सार्वजनिक भएको छ । उता, गिरिजाप्रसाद कोइराला नेतृत्वको तत्कालीन सरकारले आन्दोलनको क्रममा ज्यान गुमाउने कर्मचारीलाई पनि सहिद घोषणा गरेको थियो । यस्तो हुनु ठीक होइन । मधेस आन्दोलनदेखि प्रदेश आन्दोलनसम्ममा मृत्यु भएकालाई सहिद घोषणा गरिएका छन् । त्यसमा सुधार गर्न आवश्यक छ । साथै, 'सहिद'लाई पुनःपरिभाषित गर्न पनि जरुरी छ ।

## मननयोग्य

### चाणक्य नीति

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको कोणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने ।

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

## पत्र-मञ्जुषा

# विपक्षीको मौनता : प्रधानमन्त्रीलाई लाभ, मुलुक बर्बाद

हामीले देखिरहेका हुन्छौं, सार्वजनिक सवारीसाधन आउनेबित्तिकै सर्वसाधारणबीच भागदौड मच्चिन्छ । गाडी गुडिरहेको हुन्छ, तैपनि सर्वसाधारण ज्यानको बाजी राखेरै चढ्छन् । चाहे त्यो गाडीमा सिट होस् या नहोस् । ढोकैसम्म झुण्डिएर यात्रा गर्न पनि सर्वसाधारण तयार छन् ।

किनकि उनीहरूलाई आफ्नो गन्तव्यमा पुग्न हतारो भइरहेको हुन्छ । उसै पनि गाडी पर्याप्त छैन, भागेन, कुदेन वा ज्यानको जोखिम राखेन भने गाडी छुटिहाल्छ । अर्को गाडी कुर्दा त थप समय खेर जान्छ । समय निकै महत्त्वपूर्ण छ । समय घुमिफिरी आउँदैन । समय समात्न सक्ने व्यक्तिमात्र आफ्नो लक्ष्यमा पुग्छ ।

तर, यो कुरा हाम्रो देशका राजनीतिज्ञहरू बुझ्दैनन् । प्रधानमन्त्री पुष्पकमल दाहालले पद सम्हालेको १४ महिना बितिसकेको छ । यो अवधिमा उनले दाउरा सुरुवाल लगाउने र साइरनवाला गाडीमा हुँइकिनेबाहेक केही काम नै गरेनन् । उनलाई समय कति महत्त्व छ ? भन्ने कुरा थाहै भएन ।

यो अवधिमा दाहालले देश र जनताको हितमा एउटा पनि निर्णय गरेका छैनन् । प्रधानमन्त्री दाहालको असक्षमता पुष्टि भइसकेको छ तर विपक्षी दल भने मौन छ । प्रधानमन्त्रीको राजीनामा माग्ने आँट विपक्षीसँग छैन । सरकारबाहिर बस्ने दलहरू यति कमजोर भए कि यिनलाई विपक्षी भन्न पनि लाज लाग्ने अवस्था बनेको छ । विपक्षी दल प्रधानमन्त्रीको सामुन्ने लम्पसार परेको छ । जसले गर्दा देश बर्बाद र जनता कंगाल भइसक्दासमेत उनीहरू चुइक्क बोलेका छैनन् ।

विपक्षी दरो भएको भए दाहाललाई १०० दिन टिक्न पनि गाह्रो थियो । तर, विपक्षी कमजोर भइदिँदा उनी १४ महिना टिके । अहिले देखेका मान्छे एकैछिनपछि देख्दैनन् । एकछिनमै ऊ दुनियाँमा नरहन नि सक्छ । एक मिनेटमा कहाँको मान्छे कहाँ पुगिसक्छ । तर, विपक्षी दलका नेताहरू भने चार वर्षपछिको सपना बोकेर हिँडेका छन् ।

नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीले अर्को चुनावको प्रक्षेपण अहिले नै लगाउन थालेका छन् । 'मिसन २०८४' को अभियानमा छन्, यी दलहरू । ८४ सम्म यिनीहरू देशमा रहलान्, नरहलान् थाहा छैन । अहिलेकै अवस्था रहयो भने जनताले सबलाई लखेट्न बेर छैन । अनि मिसन ८४ को एजेण्डा बोकेर के फाइदा ? अहिले देशमा के भइरहेको छ ? जनता कुन अवस्थाबाट ग्रुजिएका छन् ? यसमा ध्यान दिऔं । चुनावअघि राष्ट्र र जनताको बारे ठूलठूला भाषण गर्नेहरू चुनाव जितेपछि आफूले गरेका बाचा बिर्सिन्छन् । फेरि यस्तै मिसनको एजेण्डा बोकेर हिँड्छन् ।

अनि देशचाहिँ कसले बनाउँछ ? काठमाडौं महानगरपालिकाको मेयरमा बालेन्द्र साह 'बालेन' आएको २० महिना भयो । उनले यो अवधिमा धेरै काम गरे । नेपालीमाझ मात्र नभई अन्तर ाष्ट्रियस्तरमा उनको चर्चा छ । जनता देशको प्रधानमन्त्री बालेनलाई बनाउनुपर्ने भन्न थालिसकेका छन् । एउटा मेयरले त त्यत्रो काम गरे भने देशका प्रधानमन्त्री, मन्त्री, सांसदहरू हात बाँधेर बसेका छन् । निर्वाचन भएको एक वर्ष कटिसक्यो तर एउटामात्र विधेयक सदनबाट पारित भएको छ । मासिक अर्बौं रूपैयाँ सांसदहरूको तलबभत्ता र सेवासुविधामा खर्च भएको छ । तर, उपलब्धि के ?

सबै मिलिजुली राज्यको ढुकुटी लुट्ने खेलमा छन् । सत्तापक्ष नि खाने, विपक्षी नि खाने । देशको ढुकुटीले धान्न छोडिसकेको छ । जनताचाहिँ खाइनखाई कर तिर्ने अनि यिनीहरू त्यसमा मोजमस्ती गर्ने । त्यतिले नपुगेर विदेशीबाट समेत ऋण ल्याउने । २०७९ मंसिर ४ गते भएको चुनावमा माओवादीले जम्मा ३२ सिट जित्यो । त्यसबाट नै माओवादीबाट जनताको विश्वास उठिसकेको देखिएको थियो । प्रधानमन्त्री दाहालका अधिकांश आश्वासन आश्वासनमै सीमित हुँदा अब जनताले फेरि पत्याउने बाटो छैन ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नो स्वार्थका निम्ति दाहाललाई प्रधानमन्त्री बनाउने निर्णय गरे । पहिलोचोटि उनले २६८ जना सांसदको विश्वासको मत पाए । जनताले नपत्याएर ३२ सिटमा सीमित बनाएकालाई दलहरूले पत्याए । जनताले पाखा लगाउँछन्, राजनीतिक दलहरूले आफ्नो फाइदाका लागि काखी च्याप्छन् ।

दाहाललाई विश्वासको मत दिने सांसदहरू अब जनतासामु गएर के भन्छन् ? कुन मुख लिएर जनताकहाँ जान्छन् ? विदेशी ऋण झण्डै २७ खर्ब रूपैयाँ पुग्न थालिसकेको छ । देशको आर्थिक स्थिति नाजुक अवस्थामा पुगेको छ । राज्यको ढुकुटीमा राजस्व उठ्न छोडिसकेको छ । आर्थिक मन्दीका कारण व्यापारीहरू मर्कामा परेका छन् । जनतासँग पैसा छैन । बिहानबेलुका गर्जो टार्न सर्वसाधारणलाई समस्या परेको छ । बेरोजगारी ह्वात्तै बढेको छ । विदेश पलायन हुने नेपालीको संख्या दिनप्रतिदिन बढिरहेको छ ।

यस्तो अवस्थाबीच सरकारले काम गर्न सकिरहेको छैन तैपनि सबै खुट्टा कमाएर बसेका छन् । कोहीसँग सरकारको विरोधमा बोल्ने आँट छैन । विपक्षीले जनताले दिएको भोटको समेत कदर गर्न सकेनन् । जनता निकै अप्ठेरो अवस्थामा छन् तर उनीहरू वास्ता गर्दैनन् । विपक्षी दलहरू आफ्नो व्यक्तिगत स्वार्थमै केन्द्रित छन् । जसको फाइदा प्रधानमन्त्री दाहाललाई भएको छ । पार्टीको कार्यकर्ता भएर होइन, नेपाली भएर सोच्न जरुरी भइसकेको छ । जनतालाई पाखा लगाएर आफ्नो मनमर्जी चलाइराखेका छन्, राजनीतिक दलहरू । अझै पनि निरीह भएर बस्ने हो भने देश तहसनहस बन्ने निश्चित छ ।

– अनुसा थापा, भक्तपुर

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# लिच्छवीकालीन चैत्यको पुनर्निर्माण सुरू



**त्रिशूली (नुवाकोट)**– विदुर नगरपालिका-२ महामण्डलमा अवस्थित प्रसिद्ध स्वयम्भू (चैत्य) विहार पुनर्निर्माण स्थानीयबासीको पहलमा अघि बढाइएको छ। प्राप्त इतिहासअनुसार एक हजार ४०० वर्षअघि लिच्छवीकालीन समयमा निर्माण गरिएको स्वयम्भू (चैत्य) लामो समयदेखि जीर्ण भएसँगै यस ऐतिहासिक स्थलको उत्खनन, अध्ययन, अन्वेषणसहित पुरातात्त्विक स्वरूपमा नै पुनर्निर्माणका लागि स्थानीयले आर्थिक संकलन र श्रमदान गरेर काम अघि बढाइएको हो।

विदुर नगरपालिकाको अनुरोधमा गत वर्ष पुरातत्त्व विभागले गरेको अध्ययनले लिच्छवीकालीन समयको स्वयम्भू (चैत्य)को 'तत्कालै संरक्षण गर्नुपर्ने' जनाएको थियो। तर बजेट अभावमा संरक्षणमा चासो नदिइएपछि स्थानीयबाट स्वःस्फूर्त रूपमा संरक्षण भइरहेको नुवाकोट स्वयम्भू महाचैत्य संरक्षण संस्थाका सदस्य तथा अभियन्ता गौतममान सिंहले जानकारी दिए।

उनका अनुसार पुरातत्त्वविद्सँगको सहकार्यमा तयार गरिएको गुरुयोजनाअनुसार बुद्धसँग सम्बन्धित १०८ चैत्य, ३०० भन्दा बढी बोधिसत्व-तारा, एक हजार चार स्वयम्भू चैत्यसहित विशाल स्वयम्भू महाचैत्यको पुनर्निर्माण गर्न लागिएको हो।

'स्वयम्भू (चैत्य)को पुनर्निर्माण तथा संरक्षणका लागि बनाइएको गुरुयोजनाअनुसार चार चरणमा काम सम्पन्न गर्ने लक्ष्य छ,' अभियन्ता सिंहले भने, 'दोस्रो चरणअन्तर्गत हाल चैत्य, बोधिसत्व, तारा निर्माणको काम भइरहेको छ। यसपश्चात् विशाल महास्वयम्भू निर्माणको काम सुरू गरिने छ।'

स्वयम्भू-चैत्य निर्माणका लागि पहिलो चरणमा टुँडिखेलदेखि स्वयम्भू-चैत्यसम्म ढुंगेसिँढीको निर्माण गरेर र दायाँबायाँ बुद्धधर्मसँग सम्बन्धित चिवा, चैत्य, मूर्तिको प्रतिस्थापन गरिएको छ। दोस्रो चरणअन्तर्गत १५ रोपनी जग्गालाई पूर्णरूपमा ऐतिहासिक झलक दिने गरेर ढुंगेपर्खालको निर्माण गरेर १०८ चैत्य, ३०० भन्दा बढी बोधिसत्व-तारा, एकहजार चार स्वयम्भू चैत्यको प्राण प्रतिष्ठा गरेर मूर्तिहरूको प्रतिस्थापनको गर्न लागिएको छ।

तेस्रो चरणमा विशाल स्वयम्भू महाचैत्यको निर्माण गरिने छ भने चौथो चरणमा बौद्धधर्मको अध्ययन केन्द्र, ध्यानकेन्द्र, पुस्तकालयलगायतका संरचना निर्माणका लागि समुदाय र संघसंस्थाबाट सहयोग खोजेर स्थानीयले गत असारदेखि सुरू गरेको कामलाई निरन्तर अघि बढाइएको छ।

ऐतिहासिक तथा पुरातात्त्विक संरचना भए पनि लामो समयदेखि जीर्ण रहेको चैत्यको पुनर्निर्माणका क्रममा 'पहिला जस्तो थियो त्यस्तै' निर्माणका लागि गुरुयोजना बनाएर पुरातात्त्विक स्वरूपमा नै काम भइरहेको महाचैत्य संरक्षण संस्थाका अध्यक्ष ईश्वरमान श्रेष्ठले जानकारी दिए।

उनका अनुसार हालसम्म नुवाकोटसहित देशभरबाट श्रमदान, आर्थिक सहयोग र भगवानको प्राणप्रतिष्ठासमेत गरेर करिब दुई करोड रूपैयाँ लगानीको काम सम्पन्न भइसकेको छ। *रासस*

# प्राविधिक जनशक्ति तयार पार्न पालिकाको छात्रवृत्ति

**त्रिवेणी, नवलपरासी (प्रस)**– नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको बौदीकाली गाउँपालिकाले प्राविधिक जनशक्ति तयार पार्न छात्रवृत्ति प्रदान गर्दै आएको छ। 'मेरै गाउँमा, मेरै प्राविधिक' भन्ने नाराका साथ गाउँपालिकाले प्राविधिक जनशक्ति तयार पार्ने योजनाका अनुसार गत आर्थिक वर्षमा छात्रवृत्ति कार्यक्रम सुरू गरेको थियो। पहिलो वर्ष गाउँपालिकामा छात्रवृत्तिका लागि ४२ जनाको कोटा निर्धारण गरेकामा प्राविधिक शिक्षा अध्ययनरत २६ जनाले आवेदन दिएर छात्रवृत्ति लिएका छन्।

गाउँपालिकामा स्थायी रूपमा बसोबास गरी पालिकाभित्रको सामुदायिक विद्यालयबाट एसइई उत्तीर्ण गरी विभिन्न विद्यालयमा/शिक्षालयमा प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीलाई मासिक पाँच हजार रूपैयाँका दरले छात्रवृत्ति प्रदान गर्ने गरेको अध्यक्ष प्रकाश ओझाले बताए। पालिकाले जुनसुकै प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने उनले बताए। छात्रवृत्तिमा आबद्ध भएका विद्यार्थीले वार्षिक रूपमा ६० हजार रूपैयाँ छात्रवृत्ति प्राप्त गर्ने छन्।

जिल्लाको पहाडी क्षेत्रअन्तर्गत पर्ने पालिकाका रूपमा रहेको बौदीकालीमा शैक्षिक गुणस्तर कमजोर रहेको र त्यसमा पनि प्राविधिक शिक्षा अध्ययन गर्ने न्यून हुने गरेकाले प्रोत्साहनका लागि छात्रवृत्ति प्रदान गर्न सुरू गरेको गाउँपालिका अध्यक्ष ओझाले बताए। गाउँपालिकाले अहिले शिक्षालाई प्राथमिकतामा राखी शिक्षाको गुणस्तर वृद्धिमा काम गरिरहेकोसमेत अध्यक्ष ओझाले बताए। 'गाउँपालिकाबाट थोरैमात्र प्राविधिक शिक्षा पढ्ने विद्यार्थी पाएपछि प्राविधिक जनशक्ति तयार पार्न पालिका लागेको हो,' गाउँपालिका अध्यक्ष ओझाले भने, 'हाम्रो लक्ष्य सीपयुक्त जनशक्ति निर्माण गर्ने हो।'

गाउँपालिकाले गत वर्षदेखि सुरू गरेको छात्रवृत्ति प्रदान गर्ने योजनाअनुसार चालु आर्थिक वर्षमासमेत उक्त कार्यक्रम समावेश गरेको छ। वार्षिक ४२ जनालाई मासिक पाँच हजार रूपैयाँ छात्रवृत्ति प्रदान गर्ने योजनाअनुसार यस वर्षका लागि निवेदन माग गरिएको अध्यक्ष ओझाले बताए। गत वर्ष समावेश भएकाबाहेक थप नयाँ ४२ जनाका लागि आवेदन माग गरिएको अध्यक्ष ओझाले बताए। गत वर्ष प्राविधिक शिक्षा अध्ययन सुरू गरेकाले आवेदन दिएर छात्रवृत्ति निरन्तर कायम गराउन सक्ने उनले बताए।

गाउँपालिकाको छात्रवृत्ति कार्यक्रममा आबद्ध भएका विद्यार्थीले अध्ययनपछि गाउँपालिकाले आवश्यकताअनुसार सेवामा लिनसक्ने अध्यक्ष ओझाले बताए। छात्रवृत्ति लिने समयमा आवश्यक परे पालिकामा सेवा गर्ने स्वघोषणा विद्यार्थीले गर्ने र सोही आधारमा काममा प्रयोग गर्न सकिने उनले बताए। 'पहाडी पालिका हो हरेक क्षेत्रमा विकासका काम गर्नुपर्ने छ, त्यसका लागि हामीलाई विभिन्न सीप क्षमता भएका जनशक्ति आवश्यक पर्नसक्छ, हामीले हाम्रै पालिकामा दक्ष सीपयुक्त जनशक्ति तयार पायौं भने गाउँको विकासमा प्रयोग गर्न सक्छौं,' अध्यक्ष ओझाले भने, 'अन्य क्षेत्रमा सहजरूपमा रोजगार प्राप्त गर्न सक्छन्, त्यसैले प्राविधिक शिक्षालाई जोड दिएर छात्रवृत्ति कार्यक्रम राखेका हौं।' छात्रवृत्ति कार्यक्रमले पहाडी क्षेत्रका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको संख्या वृद्धि गर्नसमेत सहयोग पुग्ने अपेक्षा गरिएको उनले बताए। शिक्षाका लागि सहर बजार झर्ने क्रम बढ्दा पहाडका विद्यालयमा विद्यार्थी न्यून हुँदै गएकाले गाउँमा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रमले समेत प्रोत्साहन गर्ने अध्यक्ष ओझाले बताए।

पहाडी क्षेत्रमा पूर्वाधार विकासका काम गर्न जति बाँकी रहेको छ, त्यति नै शिक्षा, स्वास्थ्य, कृषिको व्यावसायिकीकरणसहित सामाजिक विकासमा काम गर्न बाँकी रहेको उनको भनाइ छ। यसका लागि पालिकाले विभिन्न कार्यक्रम अगाडि बढाइरहेको उनले जानकारी दिए। पहाडी क्षेत्रका विद्यालयमा हालै प्रविधियुक्त सिकाइका लागि विद्यालय छनोट गरी कार्यक्रम अघि बढाएको, कृषि उपजको बजारीकरणका लागि पहिलोपटक हाटबजारको व्यवस्था, दुग्ध संकलन केन्द्र स्थापनालगायत काम गरिएको अध्यक्ष ओझाले बताए।

# लालपुर्जा नहुँदा वन्यजन्तुपीडितले पाएनन् क्षतिपूर्ति

**नवलपुर (नवलपरासी)**– नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को मध्यबिन्दु नगरपालिका-३ की खिमादेवी उपाध्यायले यस वर्ष आफ्नो बारीमा तरुलखेती गरिनन्। विगतका वर्षमा तरुलखेती देखिने उनको बारीमा यस वर्ष कोदोखेती गरिन्।

'बारीमा लगाएको तरुल बँदेल आएर सबै खाइदिन्छ,' उनले भनिन्, 'उत्पादन भएको तरुल बिक्री गर्ने त परको कुरा हो, आफूले खानसमेत पाइँदैन, त्यसैले तरुल लगाउनै छाडें।' उनका अनुसार गत वर्ष करिब सात कट्ठा जमिनमा लगाइएको तरुल सबै बँदेलले खाइदिएको छ। 'बँदेलले तरुल खाएपछि वडा तथा मध्यवर्तीमा गुनासो गरेको थिएँ,' उनले भनिन्, 'बारीको लालपुर्जा आएको छैन, त्यसैले वन्यजन्तुका कारण हुने क्षतिको राहत पाइनँ।' करिब ४० वर्षदेखि आफू यस ठाउँमा बस्दै आएको उल्लेख गर्दै उपाध्यायले जग्गाको पटकपटक नापी भए पनि लालपुर्जा नपाउँदा बारीमा जंगली जनावरले पुऱ्याएको क्षतिको राहत नपाएको गुनासो गरिन्। 'सरकारले हामीलाई लालपुर्जा पनि दिँदैन, हाम्रो गाउँमा वन्यजन्तु आएर बाली नष्ट गर्दा क्षतिपूर्ति पाइँदैन,' उनले भनिन्, 'हाम्रो गाउँमा मेरो बारीको वरिपरि रहेका अन्य बारीको लालपुर्जा छ, तर मेरो छैन।' उनले गाउँमा रहेका आधाभन्दा बढी जग्गाको लालपुर्जा नभएको बताइन्।

मध्यविन्दु-३ कै नन्दे गुरुङ अहिले व्यावसायिक तरकारीखेतीतर्फ लागेका छन्। उनले विगतका वर्षमा यस समयमा मकै लगाउने गरेको जनाउँदै बँदेलका कारण मकै भित्र्याउन नपाएपछि अहिले खेती परिवर्तन गरेको बताए। 'मैले यसपटक बर्खामा पनि मकैखेती गरिनँ,' उनले भने, 'मकैको हारी पस्न (घोगा लाग्न) सुरू भएपछि बारीमा बँदेल पसेर सबै मकैमा क्षति पुऱ्याउने गर्छ। राति जंगली जनावर आएर बारीमा पस्ने भएकाले खेती कुर्नुभन्दा खेती नै परिवर्तन गरें।'

गुरुङले अहिले आफ्नो करिब एक बिघा जमिनमा टमाटर, काँक्रा, करेला, काउलीलगायत तरकारीखेती गरेका छन्। 'जग्गाको लालपुर्जा पाएको छैन,' उनले भने, 'लालपुर्जा नभएको जग्गामा वन्यजन्तु आएर गरेको क्षतिको राहत पनि नपाइने रहेछ, त्यसैले वन्यजन्तुले कम क्षति पुऱ्याउने खेती गर्न सुरू गरेको हो।'

चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने यस गाउँसँगै मध्यवर्तीका धेरै बासिन्दाले आफ्नो अन्नबालीमा वन्यजन्तुले क्षति पुऱ्याउँदा राहत पाउन सकेका छैनन्। चितवन राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत एवं सूचना अधिकारी गणेशप्रसाद तिवारीले धेरै किसानले अन्नबालीमा वन्यजन्तुले क्षति पुऱ्याएको गुनासो गर्ने गरेको भए पनि सबैलाई राहत उपलब्ध गराउन नसकिएको बताए।

'लालपुर्जा भएको जग्गामा गरिएको खेतीमा वन्यजन्तुले क्षति पुऱ्याएमा राहत दिन मिल्छ,' उनले भने, 'तर लालपुर्जा नभएको जग्गामा वन्यजन्तुले क्षति पुऱ्याएको अवस्थामा राहत दिन नमिल्ने कानुनी व्यवस्था छ।' राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ उपदफा 'क' का आधारमा निर्माण गरिएको 'वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका-२०८०' मा कस्ता वन्यजन्तुले धनजनको क्षति पुऱ्याएमा राहत प्रदान गर्न मिल्ने भनेर उल्लेख गरिएको तिवारीले बताए।

निर्देशिकाको अनुसूची १ मा वन्यजन्तुले पुऱ्याएको क्षतिबापत पाउने राहतको विवरण उल्लेख गरिएको भए पनि अनुसूची २ ले लालपुर्जा नहुने जग्गामा गरिएको खेतीमा राहत पाउनबाट वञ्चित गरेको तिवारीले बताए। वन्यजन्तुबाट भएको क्षतिको राहत रकम प्राप्त गर्न पेस गर्नुपर्ने कागजात तथा प्रमाणको बुँदा नम्बर ९ ले वन्यजन्तुबाट भएको क्षतिको राहत रकम लिनका लागि 'घर/जग्गाधनी पुर्जा' पेस गनुपर्ने भनी उल्लेख गरेको तिवारीको भनाइ छ।

'मध्यवर्तीका धेरै किसानले लगाउनुभएको बाली वन्यजन्तुले क्षति पुऱ्याएको हामीले पनि देख्ने गरेका छौं,' उनले भने, 'लालपुर्जा नभएको जग्गामा वन्यजन्तुले पुऱ्याएको क्षतिको राहत दिने भनेर कानुनले नभनेका कारण पीडित किसान क्षतिपूर्ति पाउनबाट वञ्चित हुनुपरेको छ।' *रासस*

# रुकुम पश्चिममा १८ हजार अस्थायी आवास निर्माण

**रुकुम**– रुकुम पश्चिममा १८ हजार ८६६ अस्थायी आवास निर्माण गरिएका छन्। छ हजार ९७६ अस्थायी आवास निर्माणको चरणमा छन्। जिल्लाभर ७६ करोड ५९ लाख रूपैयाँ लाभग्राहीलाई भुक्तानी दिइएको छ। करिब २७ हजार ३६ लाभग्राहीले रकम प्राप्त गरेका छन्।

चौरजहारी नगरपालिकामा तीन हजार ९१५, आठबिसकोट नगरपालिकामा पाँच हजार ७८५, मुसिकोट नगरपालिकामा ४९६, सानीभेरी गाउँपालिकामा पाँच हजार २४०, त्रिवेणी गाउँपालिकामा दुई हजार ४७५ र बाँफीकोट गाउँपालिकामा ५७३ अस्थायी आवास निर्माण गरिएका छन्।

त्यस्तै चौरजहारी नगरपालिकाका छ हजार २५४, आठबिसकोट नगरपालिकाका नौ हजार ६६७, मुसिकोट नगरपालिकाका एक हजार ४०, सानीभेरी गाउँपालिकाका पाँच हजार ६२४, त्रिवेणी गाउँपालिकाका दुई हजार ७५२ र बाँफीकोट गाउँपालिकाका एक हजार ६९९ लाभग्राहीले पहिलो किस्ताको रकम पाएका छन्।

त्यस्तै चौरजहारी नगरपालिकामा १५ करोड ६३ लाख ५० हजार रूपैयाँ, आठबिसकोट नगरपालिकामा २४ करोड १६ लाख ७५ हजार रूपैयाँ, मुसिकोट नगरपालिकामा दुई करोड ६० लाख रूपैयाँ, सानीभेरी गाउँपालिकामा १४ करोड छ लाख रूपैयाँ, त्रिवेणी गाउँपालिकामा छ करोड ८८ लाख र बाँफीकोट गाउँपालिकामा चार करोड २४ लाख ७५ हजार रूपैयाँ रकम लाभग्राहीको खातामा भुक्तानी गरिएको सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बडुवालले जानकारी दिए। जिल्लाभर २९ हजार ४०६ लाभग्राही रहेकामा २७ हजार ३६ लाभग्राहीको खातामा मात्र अस्थायी आवासका लागि पहिलो किस्ताको रकम भुक्तानी गरिएको छ। *रासस*

# प्रयोगमा आएन नमूना बस्ती

**मान्म (कालीकोट)**– कालीकोट जिल्लाको रास्कोट नगरपालिका-७ पोखरीकोटमा निर्माण गरिएका नमूना बस्ती सञ्चालनमा आउन सकेका छैनन्। बाढीपहिरोपीडितका लागि निर्माण गरिएका नमूना बस्ती निर्माण पूरा नहुँदा सञ्चालनमा आउन नसकेका हुन्।

वि.सं. २०७८ को बाढीपहिरोले रास्कोटका जोखिममा परेका ७३ घरपरिवारका लागि कर्णाली प्रदेश सरकारले नमूना बस्ती निर्माण गरेको थियो। नीलो जस्तापाताले सिँगारिएका एकनासका घरहरू आकर्षक देखिने पोखरीकोट बस्ती जिल्लाको पहिलो एकीकृत नमूना बस्ती रहेको स्थानीय नवराज शाहीले बताए। 'वि.सं. २०७७/७८ मा बाढीपहिरोबाट पीडितका लागि प्रदेश सरकारले पहिलोपटक एकीकृत नमूना बस्तीको अवधारणा ल्याएको थियो,' उनले भने, 'अहिले बाढीपहिरोपीडित पुरानै जोखिमका घरमा बसिरहेका छन्।' *रासस*


शंखरापुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
साँखु, काठमाण्डौ

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/१०/१४)

यस कार्यालयबाट तपशिलमा उल्लेखित योजना निर्माणको लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना अनुसार अन्तिम म्यादभित्र पर्न आएको दरभाउपत्रहरुको प्रस्ताव मध्ये न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | न्युन्तम मुल्याङकित दरभाउपत्रदाताको नाम | कबोल अङ्क रू (भ्याट र पि. एस बाहेक) |
|---|---|---|---|---|
| 1 | Construction of Ward No. 6 Building | SMO/80-81/28 | Rameshwor Shiva Shakti Construction , Kathmandu | 11,17,831.80/- |
| 2 | Construction of RCC Drain in Chattitar Sadak | SMO/80-81/29 | Atit Construction Pvt. Ltd., Shankharapur-2 | 10,94,322.38/- |

प्रमुख प्रशासकिय अधिकृत



मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAGA ROOFING SYSTEMS SDN BHD

पुर्व स्वीकृति मिति २०७९/११/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१२ | LT. No. 281882 | चलानी नं. ६०१९७३४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ २१ गते (4th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Aseana International Pvt. Ltd.
Govt. License 937/067/068
Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal, Tel:- 01-498950, Mobile no:9841555788
Email:-aseana.manpower@gmail.com, info@asenainternational.com, Website:- www.aseanainternational.com



युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ACCURO SPECIALIST SUPPORT SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/१२/03 | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१२ | LT. No. 282706 | चलानी नं. ६०१९८३४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 122 | 191 | 800 | २९,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ २४/२५/२६ गते (7/8/9 Feb. 2024) मा हुनेछ।

कम्पनी : PRESTIGE LABOUR SUPPLY

पूर्व स्वीकृति मिति २०८०/१०/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१२ | LT. No. 275068 | चलानी नं. ६०१९१३४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 21 | 15 | 800 | २९,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ २१/२२ गते (4/5 Feb. 2024) मा हुनेछ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



(डि. के. रिभर ओभरसिज प्रा.लि)
DK RIVER OVERSEAS (P.) LTD.
Govt.Lic. No. 1102/073/074
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com



मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RISING STAR FORCE SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/१२ | LT. No. 291421 | चलानी नं. ६०२०६५९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ २१ गते (4th Feb. 2024) मा हुनेछ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।



Elite Gurkhas Overseas Pvt. Ltd.
श्रम ईजाजत नं.५३५/०६१/०६२
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1-4975566, 4975567, 4975568
Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np

प्रभाव दैनिक

रूपशाला

आइतबार १४, माघ २०८० (Sunday, January 28, 2024)

## मिरालाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड'

विन्ध्यवासिनी फाउन्डेसनले आगामी चैत १ गते आयोजना गर्ने 'रमपम विन्ध्यवासिनी म्यूजिक अवार्ड २०८०' मा गायिका मिरा राणालाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड २०८०' प्रदान गर्ने भएको छ । फाउण्डेसनको शनिबार राजधानीमा सम्पन्न दसौँ वार्षिक भेलाले गायिका राणालाई १ लाख रूपैयाँ राशीसहित 'लाइफटाइम अचिभमेन्ट अवार्ड' प्रदान गर्ने निर्णय गरेको हो । भेलाले संगीतकार भूपेन्द्र रायमाझीलाई 'विन्ध्यवासिनी संगीत साधना सम्मान २०८०' बाट सम्मानित गर्ने निर्णय गरेको छ । यो सम्मानको राशि ५० हजार रूपैयाँ छ ।





# अब्बल संगीतकार बजगाईं

■ प्रभाव संवाददाता

**काठमाडौं–** हँसिलो मुहार अनि संगीतको ऊर्जा बोकेका राजेन्द्र बजगाईं अहिले निकै बजारमा रुचाउने संगीतकार हुन् । २०४४ साल चितवनको पिठुवामा जन्मिएका बजगाई हाल बर्दियाको सितलाबजारलाई कर्मथलो बनाउँदै आएका छन् । 'कसले चोऱ्यो ओठको लाली' २०६४ सालबाट गीत संगीतमा होमिएका बजगाईले अहिलेसम्म सयौं गीतमा संगीत भरिसकेका छन् ।

उनी नेपाली गीत संगीतका एक सफल संगीतकारमा पर्दछन् । रास्ट्रभाव, आधुनिक, भजन, लोक गीत, नेपाली चलचित्र लगायत सम्पूर्ण विधामा अब्बल संगीत गर्ने संगीतकार हुन् । संगीत सिर्जना गर्दा एकदम तल्लिन हुने बजगाईं नेपाली गीत संगीतलाई आफ्नो संगीतबाट जीवन्त बनाउन सक्ने खुबी भएका संगीतकार हुन् । कठिनाईसँग सहज प्रस्तुत हुन सक्ने गीत संगीतलाई स्थापित गराउने एक उदाहरणीय ब्यक्ति हुन् ।

उनको संगीतमा धेरै गीतकारहरूले सहकार्य गरिसकेका छन् । उनी संगीतका एक भकारी हुन् जस्मा उनले सुर, शब्द, काललगायत सबैमा अब्बल राख्ने एक संगीतकार हुन । शास्त्रीय संगीतबाटै संगीतको ज्ञान लिएका अहिलेको संगीतका स्वादमा गीत संगीत गर्न सक्ने संगीतकार हुन बजगाई । उनले संगीत गरेका एक नेपाली भजन 'हरी बोल' ले नेपाली भक्तिमनहरूमा निकै मन जितेको भजन पर्दछ । त्यस्तै 'यो त जाली सहर हो प्रिया, यो देशको लागी म, मुसु मुसु हाँसेर, जाला जोवन, ओ मेरो परान, पश्चिम बग्या रेल, झम झम पानी परेर, छाडी गयौ, बोलि रहने मायाले, पचासको नोट, बिहानीको किरण हुँ म, बिर नेपाली सेना' जस्ता धेरै गीतहरू नेपाली गीत संगीत बजारमा निकै रुचाइएका गीतहरू हुन् ।

नेपाली सेनाको गीतको उच्चकदर प्रधानसेनापति प्रभुराम शर्माले गर्दै प्रशंसापत्र समेत प्रदान गरेका थिए । उक्त गीत उपरथि बबुराम श्रेष्ठको शब्दलाई नेपाली सेना सम्बन्धित रहेर गरिएको थियो । गीतले सम्पूर्ण सेनाको प्रतिनिधित्व गरेको देखिन्छ ।

नेपाली गीत संगीतमा लाग्ने स्रष्टा सर्जक हितमा पनि उतिनै सक्रिय देखिन्छन् । उनी राष्ट्रिय श्रष्टा तथा प्रस्तोता प्रतिस्ठानका वर्तमान अध्यक्ष पनि हुन् । यस संस्थाले सर्जक र स्रष्टाहरूको हक हितमा पनि धेरै कामहरू गर्ने गरेको देखिन्छ । उनलाई धेरै संस्थाहरूले सम्मानित गरेका छन् । उनी धेरै गीतहरूबाट अवार्ड पाइसकेका छन् । संगीतलाइ निकै नजिकबाट बुझ्ने बजगाईं अहिलेको संगीत बजारको ब्यस्त संगीतकार हुन् । उनी भन्छन्, 'संगीतकार भएपछि गायकी र शब्दको संयोजन, बाजाको संयोजन के कसरी गरेको छ सबै थाहा हुनुपर्छ ।'

उनी संगीतमा लागेपछि सिक्न जरुरी हुनुपर्ने बताउँदै कतिपय ज्ञान जन्मजात पनि हुनुपर्ने र कतिपय सामजिक नैतिक र प्ररम्भिक शिक्षाले सिकाउने बताउँछन् बजगाईं । अहिलेको बजारमा लहैलहै बढी रहेको बताउँदै उनले यसले नेपाली गीत संगीतलाई थोरै नाफा धेरै घाटा दिने पनि बताए । त्यसैले यस्तो बेलामा सम्पूर्ण स्रष्टाहरू एकजुट भएर बेलैमा सुधार्नुपर्ने बताए ।

# 'गोर्खा वारियर' : मलाया जंगलमा गोर्खा सैनिकको लडाइँको कथा




■ प्रभाव संवाददाता

**काठमाडौं–** वीरताको कथा र देशभक्तिलाई केन्द्रमा राखेर नेपालमा कमै चलचित्र बन्ने गरेका छन् । अनुसन्धानमा समय र निर्माण लागत धेरै लाग्ने भएकाले पनि निर्माता तथा निर्देशकले यस्ता विषयलाई ध्यान नदिएका हुन् । तर, पूर्वगोर्खा सैनिक रहिसकेका निर्देशक तथा निर्माता मिलन चाम्सले गोर्खालीले रचेको इतिहासलाई समेटेर 'गोर्खा वारियर' चलचित्र तयार पारेका छन् ।

आगामी फागुन ११ देखि प्रदर्शन गरिने चलचित्र 'गोर्खा वारियर' मा सन् १९४९ मा मलाया जङ्गलमा बेलायती सेनामा आबद्ध गोर्खा सैनिकले लडेको लडाइँको कथा प्रस्तुत गरिएको छ । नेपालमा प्रदर्शन गर्नु अगाडि नै बेलायतस्थित लिसेस्ट स्क्वायरमा रहेको आइम्याक्स सिनेवर्ल्डमा पहिलो प्रदर्शनी (प्रिमियर) गरेर अन्तर्राष्ट्रियरूपमा समेत चर्चामा रहेको चलचित्रलाई निर्माण गर्न तीन वर्ष लागेको निर्देशक चाम्सले बताए ।

'मैले यसमा चलचित्रमा देखाइने काल्पनिकभन्दा पनि वास्तविक रूपमा सैनिकले लड्ने युद्धलाई देखाएको छु । सन् १९४९ को समयलाई पर्दामा देखाउनु सहज थिएन । यसका लागि मैले छायाङ्कनमा तीन वर्षको समय खर्चेको छु । तयारी त एकदशक अगाडिदेखि कै हो', निर्देशक चाम्सले भने, 'हामीले उक्त समयमा युद्धमा प्रयोग भएका वस्तु नै विभिन्न सङ्ग्रहालयबाट ल्याएर प्रयोग गरेका छौँ । यो चलचित्रले हाम्रो वीरतालाई देखाउनुका साथै विश्वमा नेपाली चलचित्रको महत्वलाई दर्शाउने छ ।'

चलचित्र 'गोर्खा वारियर' ब्रिटिस एकेडेमी फिल्म एण्ड टेलिभिजन अवार्ड (बाफ्टा) मा पहिलो चरणमा छनोट हुनु सम्पूर्ण नेपाली चलचित्रकर्मीका लागि गौरवको विषय रहेको निर्देशक चाम्सले बताए । 'गोर्खालीको विषयमा चलचित्र बनेको भन्ने थाहा पाएपछि हामीले पाएको सम्मान र तारिफलाई शब्दमा व्यक्त गर्न सक्दैनौँ', उनले भने ।

अब नेपाली चलचित्रकर्मीले वीरता र इतिहासको कथालाई पर्दामा ल्याउन ढिलाइ गर्न नहुनेमा निर्देशक चाम्सले जोड दिए । यसमा मुख्य भूमिका निर्वाह गरेका अभिनेता रितेश चाम्स आफैँ पूर्वगोर्खा सैनिक हुन् । उनले सेनाबाट अवकाश पाएपछि बेलायतमै अभिनयसम्बन्धी शिक्षासमेत लिए ।

'मैले युद्धको क्रममा भोगेको भोगाइलाई नै यसमा प्रस्तुत गरेको छु । चलचित्र हेरेका गोर्खा सैनिकले मलाई दिएको प्रतिक्रियाले झनै उत्साहित छु । पुनः सैनिक जीवनमा फर्कने मौका पाएँ', अभिनेता चाम्सले भने । चलचित्रमा विजय लामा, रेविका गुरुङ, रियर राई, शिशिर बाङ्देल, कविता आले, विरूप घले, सारा राईलगायत कलाकारले अभिनय गरेका छन् ।



# खेल क्षेत्रमा बजेट बढाउने छौं : अर्थमन्त्री महत



■ प्रभाव संवाददाता

**त्रिशूली (नुवाकोट)-** अर्थमन्त्री डा. प्रकाशशरण महतले खेलकुदको क्षेत्रमा बजेट बढाउने प्रतिबद्धता जनाएका छन् । नुवाकोटको बट्टारमा शनिबारदेखि सुरु भएको 'विदुर मेयरकप फुटबल प्रतियोगिता'को उद्घाटन गर्दै अर्थमन्त्री महतले खेल क्षेत्रमा गरिएको लगानीको प्रतिफल दिगो र प्रभावकारी हुने भएकाले खेल क्षेत्रमा अहिले विनियोजित बजेटको आकार बढाउन लागिएको बताए ।

'आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा खेल क्षेत्रका विभिन्न विधालाई प्रोत्साहनसहितका कार्यक्रम र बजेटको आकार बढाउने छौँ', उनले भने, 'खेलकुदमा गरिएको लगानीले शारीरिक तन्दुरुस्ती बनाउन, युवालाई स्वदेशमा टिकाउन, अनुशासन कायम गराउन तथा अन्तर्राष्ट्रिय जगत्मा पहिचान बढाउनसमेत प्रभावकारी नतिजा निकाल्न सकिन्छ ।'

खेल प्रतियोगिता नियमित गराउन पूर्वाधारको अभाव, खेलाडीलाई टिकाउन र दक्ष बनाउन आर्थिक समस्याको चुनौती भएकाले बजेट वृद्धिले केही हदसम्म खेल क्षेत्रको समस्या समाधान हुने उनले विश्वास व्यक्त गरे । थोरै लगानीबाट दीर्घकालीन प्रतिफल निकाल्ने योजनासहित खेल क्षेत्रको बजेटमा आगामी वर्ष प्राथमिकता पाउनेमा ढुक्क हुन अर्थमन्त्री महतले आग्रह गरे ।

'युवाको क्षमता वृद्धि तथा स्वास्थ्य र रोजगारी सिर्जनामा समेत खेलमा गरिएको लगानीले सहयोग पुर्‍याउने छ', उनले भने, 'खेलकुदका विभिन्न विधामा अहिले विनियोजित बजेटलाई समयसान्दर्भिक र लोकप्रियताका आधारमा केही परिमार्जन गर्नुपर्ने देखिन्छ ।'

शनिबारदेखि सुरु भएको 'अन्तरपालिकास्तरीय नुवाकोट च्याम्पियन विदुर मेयरकप फुटबल प्रतियोगिता' हालसम्म जिल्लामा पालिकास्तरबाट सञ्चालित सबैभन्दा ठूलो धनराशि पुरस्कार भएकाले यस्ता प्रतियोगिताले खेल र खेलाडीको विकास र पूर्वाधार निर्माणमा योगदान गर्ने भन्दै उनले आयोजकको प्रशंसा गरे ।

विदुर नगरपालिकाको आयोजनामा जिल्लाका १० पालिकाले प्रतियोगितामा प्रतिस्पर्धा गर्दैछन् । प्रतियोगिताका विजेताले रु चार लाख चार हजार चार सय ४४ र उपविजेताले रु दुई लाख दुई हजार दुई सय २२ प्राप्त गर्ने नगरप्रमुख राजन श्रेष्ठले जानकारी दिए । आज आयोजित उद्घाटन समारोहमा आयोजक विदुरलाई म्यागङ गाउँपालिकाले १-० गोलअन्तरले पराजित गऱ्यो ।

**सूर्य नेपाल इस्टर्न ओपन**

# शुक्रको टिमलाई उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल नम्बर १ प्रो शुक्रबहादुर राई र उनको टिमले शनिबार ७०-पारको धरान गल्फ क्लबमा भएको सूर्य नेपाल इस्टर्न ओपन प्रो-एमको उपाधि जितेको छ । विजेता टिममा एमेच्योर गल्फरहरू लेफ्टिनेन्ट कर्णेल दिनेश बानियाँ, मिलन याखा र कवि थापासँग शुक्र ड्रमा परेका हुन । दिनेशले ४०, तथा मिलन र कविले ३९ अंक सहित कुल ११८ को स्कोरमा यो टिमले पहिलो स्थान हात पारेको हो ।

प्रो राजेन राई र एमेच्योर श्याम तामाङ, दिवस तुलाधर र सुनिल कार्कीले कुल ११० अंकका साथ दोस्रो स्थान हात पारे । श्यामले ३९, दिवासले ३६ र सुनिलले ब्याकमा ३५ अंक जोडे । प्रो भुवन नगरकोटी तथा एमेच्योर अर्जुन सुनुवार, भटराज गुरुङ र युवराज तामाङ तेस्रो भए । तेस्रो हुने टिमले कुल १०५ अंक बनाएको थियो । १ सय ५ अंक जोड्ने क्रममा तीनैजना एमरच्योर गल्फरले समान ३५/३५ अंक जोडे ।

महिलातर्फ सुष्मा सिंहले ३४ अंक जोडेर उत्कृष्ट व्यक्तिगत अवार्ड हात पारिन । लङगेष्ट ड्राइभको उपाधि प्राकृत तामाङ र क्लोजेष्ट टु दी पिनको उपाधि मेजर आदित्य प्रताप सिंहले प्राप्त गरे ।

शुक्रवार सम्पन्न सूर्य नेपाल इस्टर्न ओपनका शीर्ष ६ प्रो गल्फरलाई ड्रमा राखिएको थियो र नेपाल नम्बर १ प्रो शुक्रले शीर्ष तीन टोलीका लागि चिट्ठा निकालेका थिए । एमेच्योरतर्फ तीन उत्कृष्ट स्कोर गरेका गल्फर पहिलो हुने टोलीमा थिए । यस्तै चौथो, पाँचौं र छैटौं एमेच्योर उपविजेता टोलीमा हुँदा तेस्रो हुने टिममा सातौं, आठौं र नवौं स्थानमा रहेका एमेच्योर गल्फरहरू थिए । प्रतियोगितामा कुल ८० एमेच्योर र १६ प्रोको सहभागीता रहेको थियो । विजेताहरूलाई मेजर जनरल आशबहादुर तामाङ, डीआईजी चन्द्रकुमार खापुङ, नेपाल गल्फ संघका उपाध्यक्ष तिलक राई, कोशी प्रदेश गल्फ संघका अध्यक्ष सुयश प्याकुरेल, रोयल नेपाल गल्फ क्लबका अध्यक्ष मधुकर याक्थुम्बा र धरान गल्फ क्लबका अध्यक्ष वीरेन्द्रविक्रम लिम्बुले पुरस्कार वितरण गरे ।




नेपाल नम्बर एक प्रो शुक्रले ५४ होलको सूर्य नेपाल इस्टर्न ओपनको उपाधि रक्षा गरेका थिए । उनले समग्रमा ३-अन्डर २ सय ७ को स्कोर खडा गरेका थिए । धरानकै निरज तामाङले समग्रमा २-ओभर २ सय १२ को स्कोरमा दोस्रो र भुवन नगरकोटी ३-ओभर २ सय १३ को नतिजामा तेस्रो स्थान प्राप्त गरेका थिए । सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको तेस्रो प्रतियोगिता, सूर्य नेपाल इस्टर्न ओपनमा कुल ३० प्रो र १७ एमेच्योर गल्फरको सहभागीता रहेको थियो ।

# मुख्यमन्त्री कपको तयारी पूरा

**धनगढी (प्रस)–** कञ्चनपुरको महेन्द्रनगरमा हुने मुख्यमन्त्री पुरुष राष्ट्रिय भलिबल प्रतियोगिताको तयारी पुरा भएको छ । भीमदत्त नगरपालिका- ४ महेन्द्रनगरको खुला मञ्चमा आइतबारदेखि सुरु हुने मुख्यमन्त्री पुरुष राष्ट्रिय भलिबल

प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको आयोजकले जानकारी दिएको छ । सुदूरपश्चिम खेलकुद परिषद्को आयोजना एवं कञ्चनपुर जिल्ला भलिबल संघको समन्वय व्यवस्थापनमा रहेको छ । प्रतियोगितामा सातै प्रदेशका सात र सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेनाको टिमसहित १० टोली सहभागि छन् ।

प्रतियोगिताको विजेता टिमलाई नगद चार लाख, उपविजेतालाई दुई लाख र तेस्रो हुने टिमलाई एक लाख नगदसहित ट्रफी, मेडलका साथै प्रमाणपत्र प्रदान गरिनेछ। चौथो हुने टिमलाई सान्त्वनास्वरूप ५० हजार नगद पुरस्कारसमेत प्रदान गरिनेछ।

सेमिफाइनलका खेलमा उत्कृष्ट प्रदर्शन गर्ने एक जना खेलाडीलाई म्यान अफ दि म्याच घोषित गरिने र घोषित खेलाडीले पाँच हजारको दरले पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई २० हजार, विभिन्न उत्कृष्ट ६ विद्याका खेलाडीलाई जनही १०-१० हजारका दरले पुरस्कार प्रदान गरिनेछ। सदस्यसचिव दिपक सिंहले प्रतियोगितामा झन्डै ८० लाख रूपैयाँ विनियोजन गरेको बताए। उनले खेलाडी, प्रशिक्षक एवं स्वयंसेवकका लागि आयोजकले बस्ने-खाने प्रबन्ध समेत मिलाइएको छ ।

यसअघि लगातर दुई संस्करणको सफल आयोजना गरेको सुदुरपश्चिम खेलकुद परिषद्ले यो संस्करण अझै भव्य हुने बताएको छ ।



दक्षिण पश्चिम चीनको सिचुआन प्रान्तको जिगोङमा आगामी महिना हुने 'डाइनोसर लालटेन शो'का लागि उच्च प्रविधियुक्त बत्ती जडान गरी तयार पारिएको डाइनोसर (गरुड)को ड्रोनबाट लिइएको तस्बिर । चिनियाँ नयाँ वर्ष मनाउन फेब्रुअरी २ देखि यहाँ ३०औं अन्तर्राष्ट्रिय डाइनोसर लालटेन शो सुरु हुने छ । *तस्बिरः सिन्ह्वा*

# यौन दुर्व्यवहारको अभियोगमा ट्रम्पलाई आठ करोड ३३ लाख डलर जरिवाना तिर्न आदेश

**न्युयोर्क–** न्ययोर्कको अदालतले अमेरिकी पूर्वराष्ट्रपति तथा सन् २०२४ का उम्मेदवार डोनाल्ड ट्रम्पलाई लेखक इ जिन क्यारोललाई क्षतिपूर्तिबापत आठ करोड ३३ लाख अमेरिकी डलर तिर्न आदेश दिएको छ ।

क्यारोलले मानहानिका लागि क्षतिपूर्तिस्वरूप एक करोड डलरभन्दा बढी माग गरेका छन् । फैसलालगत्तै ट्रम्पद्वारा जारी विज्ञप्तिमा फैसलालाई 'हास्यास्पद' भन्दै अपिल गर्ने उनले बताएका छन् ।

तीन घण्टाभन्दा केही कम समयको सुनुवाइपछि अदालतले आफ्नो निर्णय सुनाएको हो । यस मुद्दामा सुरूमा अदालतमा उपस्थित भएका ट्रम्पले बीचमा मुद्दाबारे आक्रामक धारणा सार्वजनिक गरेका थिए तर पछि अन्तिम बहसका लागि अदालती सुनुवाइमा सहभागी भएका थिए । क्षतिपूर्ति र दण्डात्मक क्षतिको स्तर अदालतका



क्लर्कले पढ्दा उनी अदालतभन्दा बाहिर (अन्यत्रै) थिए ।

क्यारोलले भनेका छन्, 'यो हरेक महिलाका लागि ठूलो जित हो, जो आफूमाथि आक्रमण भएका समय उठ्नलाई हौसला हुने छ । महिलालाई तल झार्ने कोसिस गर्ने हरेक धम्कीविरूद्धको यो ठूलो जित हो ।'

न्यायाधीशले आफ्नो गोपनीयताको रक्षा गर्न प्रोत्साहित गरेपछि नौ जना पुरुष र महिलाहरू अदालतबाट बाहिर निस्कँदा एक न्यायाधीश क्यारोललाई हेरी मुस्कुराएका देखिएको थियो ।

'के तपाईंले ध्यान दिए ? यो मेरो लागि प्रस्ट छ,' न्यायाधीश लुइस कपलानले फैसला सुनाउँदै भने । ट्रम्पले क्यारोलको बारेमा सार्वजनिक टिप्पणीमा दुर्भावनापूर्ण कार्य गरेकोले क्षतिपूर्तिस्वरूप ७३ लाख डलर र प्रतिष्ठामाथिको क्षतिका लागि एक करोड १० लाख ठलर र दण्डात्मक क्षतिपूर्तिको रूपमा छ करोड ५० लाख डलर जरिवाना तोकेको छ ।

युनिभर्सिटी अफ रिचमन्ड स्कुल अफ लका प्राध्यापक कार्ल टोबियासले फैसलाबारे टिप्पणी गर्दै भने, 'म यो पुरस्कारबाट आश्चर्यचकित भएको छैन किनभने सुनुवाइका क्रममा उनको गम्भीर दुर्व्यवहारले न्यायाधीशलाई विमुख बनाएको हुनसक्छ ।'

टोबियासले थप भने, 'ट्रम्प अपिलमा विजयी हुने सम्भावना छैन, किनकि न्यायाधीशहरूले कपलानलाई ठूलो सम्मान गर्छन्, उहाँ धेरै अनुभवी संघीय न्यायविद् हुनुहुन्छ ।' न्युयोर्कको एउटा छुट्टै संघीय देवानी मुद्दामा क्यारोलमाथि यौन दुर्व्यवहार गरेको अभियोगमा जुरीले दोषी ठहर गरेका ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्मको प्रयोग गरेर क्यारोल, सुनुवाइ र न्यायाधीशमाथि आक्रमण गर्ने अपमानजनक सन्देशहरूको बाढी ल्याएका थिए । *रासस/एएफपी*

# पुन:जिम्मेवारी सम्हाल्दै पाकिस्तानी राजदूत इरानमा

**तेहरान–** इरानका लागि पाकिस्तानका राजदूत मोहम्मद टिपू आफ्नो कूटनीतिक कार्यभार सम्हाल्न इस्लामाबादबाट इरानको राजधानी पुगेका छन् । टिपूले सामाजिक सञ्जाल एक्समा आफ्नो पुनरागमनको घोषणा गर्दै आफू पाकिस्तानको नेतृत्वको इमान्दार र शुभकामना अनुरूप तेहरान जान लागेको बताएका छन् ।

'बलियो पाकिस्तान र इरान यस क्षेत्रका लागि आवश्यक छ र ऐतिहासिक जनस्तरको सम्बन्धलाई बढावा दिन महत्त्वपूर्ण छ,' उनले भने, 'अब नयाँ पाना पल्टाउने समय आएको छ ।' इरान र पाकिस्तानले सोमबार एक संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै दुवै देशका राजदूतहरू शुक्रबारसम्म आ-आफ्नो पदमा फर्कने सहमति भएको बताएका थिए । पाकिस्तानी विदेशमन्त्री जलिल अब्बास जिलानी र उनका इरानी समकक्षी हुसेन अमिर अब्दुल्लाहियानबीच टेलिफोन वार्तापछि उक्त निर्णय गरिएको विज्ञप्तिमा उल्लेख छ ।

जिलानीको निमन्त्रणामा अब्दोल्लाहियानले पनि जनवरी २९ मा पाकिस्तानको भ्रमण गर्ने बताइएको छ । पाकिस्तानका लागि इरानी राजदूत रेजा अमिरी मोकद्दाम पनि शुक्रबार पाकिस्तान फर्कने सम्भावना रहेको इरानी स्टुडेन्ट्स न्युज एजेन्सीले जनाएको छ ।

गत जनवरी १८ मा पाकिस्तानले 'आतंकवादी समूहलाई लक्षित गरी' दक्षिणपूर्वी इरानी प्रान्त सिस्तान र बलुचिस्तानको सीमावर्ती गाउँमा क्षेप्यास्त्र प्रहार गरेको थियो । इरानको विदेश मन्त्रालयले तेहरानस्थित पाकिस्तानी कार्यवाहक राजदूतलाई बोलाएर पाकिस्तानको सैन्य कदमको विरोधमा इरानको आधिकारिक विरोध जनाएको थियो ।

पाकिस्तानको बलुचिस्तान प्रान्तमा इरानी आक्रमणमा परी दुई बालबालिकाको मृत्यु हुनुका साथै अन्य तीनजना घाइते भएका छन् । पाकिस्तानले इरानले आफ्नो हवाई क्षेत्र उल्लंघन गरेको भन्दै इरानबाट आफ्ना राजदूतलाई फिर्ता बोलाएको छ । *रासस/एएफपी*

# मंगोलियामा ग्यास टयांकर विष्फोट हुँदा चार जनाको मृत्यु

**उलानबाटोर–** मंगोलियाको राजधानीमा भएको ग्यास टयांकर विष्फोटमा परी चार जनाको मृत्यु भको राष्ट्रिय ट्रमा तथा अर्थोपेडिक रिसर्च सेन्टरले शनिबार जनाएको छ । दुर्भाग्यपूर्ण विष्फोटका कारण शरीरको ८०-९० प्रतिशतभन्दा बढी जलेका एक नागरिकको शुक्रबार राति अस्पतालमा उपचारका क्रममा मृत्यु भएको केन्द्रले विज्ञप्तिमार्फत जनाएको छ ।

करिब ६० टन ग्यास बोकेको एउटा टयांकर बुधबार राजधानीको दक्षिणपूर्वी जिल्लाको एक चोकमा विष्फोट भएको प्रहरीले जनाएको छ । केन्द्रका अनुसार विष्फोटका क्रममा अन्य १० जनाभन्दा बढी घाइते भएका छन् । विष्फोटका कारण ३० भन्दा बढी सवारीसाधन जलेको तथा नजिकैका भवनहरू आंशिकरूपमा क्षतिग्रस्त भएको देशको राष्ट्रिय आपत्कालीन व्यवस्थापन निकायले जनाएको छ । प्रहरीले विष्फोटको कारणबारे अनुसन्धान भइरहेको जनाएको छ । *रासस/सिन्ह्वा*

# कोलम्बियामा डडेलोका कारण १७ हजार हेक्टरभन्दा बढी जंगली क्षेत्रमा क्षति

**बोगोटा–** कोलम्बियाको जंगलमा लागेको डढेलोका कारण नोभेम्बरयता १७ हजार हेक्टरभन्दा बढी जमिन जलेर नष्ट भएको अधिकारीहरूले शुक्रबार बताएका छन् ।

लामो समयदेखिको खडेरी, उच्च गर्मी र एल निनो मौसमी घटनाका कारण यो बर्ष ३४० भन्दा बढी डढेलोका घटना रेकर्ड गरिएको वातावरणमन्त्री सुसाना मोहम्मदले जानकारी दिए । कोलम्बियाले सोमबारदेखि राजधानीनजिकै धेरै डढेलोको सामना गर्नुपरेको छ । राजधानी बोगोटाबाट देखिने पहाडहरूमा अधिकारीहरूले जलेको क्षेत्रनजिक बस्ने बासिन्दाहरूलाई खराब वायु गुणस्तरको कारण अतिआवश्यक अवस्थामाबाहेक घरबाट बाहिर ननिस्कन सल्लाह दिएका छन् ।

'आज बोगोटाबाट करिब २५० किलोमिटर उत्तरपूर्वमा हिउँले ढाकिएको चुचुरो भएको प्राकृतिक पार्क नेभाडा डेल कोकुईमा आगो लागेको छ,' मोहम्मदले शुक्रबार पत्रकार सम्मेलनमा भने । उनले पार्कमा आगोको ज्वाला 'निकै उच्च' स्थानमा रहेकाले स्थितिको आँकलन गर्न हेलिकप्टर परिचालन गरिएको बताए । *रासस/एएफपी*

# सिकागोमा गोली चल्दा दुई विद्यार्थीको मृत्यु

**सिकागो–** सिकागोको मध्यक्षेत्रमा शुक्रबार भएको सशस्त्र झडपमा दुई विद्यार्थीको मृत्यु भएको सिकागो प्रहरी तथा अग्नि नियन्त्रकले बताएका छन् । शिकागो ट्रिब्युनको रिपोर्टअनुसार मृतक विद्यार्थीहरू १६ र १७ वर्षका थिए । उनीहरूसहित विद्यालयका अन्य चार व्यक्ति विद्यालयबाट फर्कदै गर्दा दुई गाडीमा आएका केही व्यक्तिहरूको समूहले गाडीबाट भरी गोली हानेका थिए ।

मृतकलाई छातीमा गोली हानिएको र उनीहरूलाई गम्भीर अवस्थामा नर्थ वेस्टर्न मेमोरियल अस्पतालमा लगेको केही समयपछि मृत घोषणा गरिएको शिकागो फायर डिपार्टमेन्टका प्रवक्ता ल्यारी ल्याङफोर्डले बताए । स्थानीय सञ्चारमाध्यमका अनुसार अप्रिल २०२३ मा शिकागोको मध्यक्षेत्र दुई किशोरहरूलाई गोली हानिएको थियो । *रासस/सिन्ह्वा*

# अफगानिस्तानको खोस्त–युएई जोड्ने उडान मार्ग खुल्यो

**अफगानिस्तान–** खोस्त अन्तर र्राष्ट्रिय विमानस्थलबाट अल ऐन, संयुक्त अरब इमिरेट्स (युएई)का लागि पहिलो व्यावसायिक उडान शुक्रबार खोलिएको स्थानीय टेलिभिजन टोलोन्युजले शनिबार रिपोर्ट गरेको छ ।

रिपोर्टका अनुसार विमानस्थलबाट हरेक हप्ता दुईवटा उडान तय गरिएको छ । यसैगरी स्थानीय बासिन्दा तथा यात्रुहरूले थप उडानको माग गरिहेको टोलोन्युजले जनाएको छ । संयुक्त अरब इमिरेट्समा आधारित एयरलाइन्स फ्लाई दुबाईले दुई वर्षभन्दा बढीको निलम्बनपछि गत नोभेम्बरमा दुबाईबाट काबुलका लागि उडान पुनः सुरु गरेको थियो । *रासस/सिन्ह्वा*

# आइएमएफ सम्झौताबारे मिलेर काम गर्न राष्ट्रपति विक्रमासिंघेको आग्रह



**कोलम्बो–** श्रीलंकाका राष्ट्रपति रनिल विक्रमासिंघेले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)सँग भएको सम्झौतामा देशको अडान र कुनै संशोधन आवश्यक छ कि छैन भन्ने विषयमा छलफल गर्न संसद्मा रहेका सबै राजनीतिक दलका नेतालाई आग्रह गरेका छन् ।

राष्ट्रपति विक्रमासिंघेले सम्झौता कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रबन्ध निर्देशकसँग छलफल गर्न आफूले नेताहरूलाई निमन्त्रणा गरेको राष्ट्रपतिको सञ्चार महाशाखाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । उनले राजनीतिक दलले सहकार्य गरेर विभिन्न दृष्टिकोणको खोजी गर्नुपर्ने र लाभप्रद ठानेमा संशोधन प्रस्ताव गर्नुपर्ने बताए ।

सम्झौताका लागि संशोधन प्रक्रिया छलफलका लागि खुला भए पनि विद्यमान सम्झौतालाई स्वीकार गरी त्यसको कार्यान्वयनका लागि काम गर्न आवश्यक रहेको उनले बताए । राष्ट्रपति विक्रमासिंघेले देशलाई सफलतातर्फ डोऱ्याउन एकताको महत्त्वमा जोड दिँदै अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को सम्झौताबाट पछि हट्दा श्रीलंकाको अर्थतन्त्रप्रतिको विश्वास खतरामा पर्ने बताए ।

प्रतिबद्धताको राजनीतिका कारण मुलुकको अर्थतन्त्र धराशायी भएको उल्लेख गर्दै उनले निर्वाचनको तयारीमा सबै राजनीतिक दलले मुलुकको विकासका लागि व्यापक योजना बनाउनुपर्नेमा जोड दिए । मार्च २०२३ मा आइएमएफले श्रीलंकाको आर्थिक नीति र सुधारलाई समर्थन गर्न लगभग तीन अर्ब अमेरिकी डलरको ४८ महिनाको विस्तारित व्यवस्थालाई अनुमोदन गरेको थियो । *रासस/एएफपी*


**बलरा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बलरा, सर्लाही
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०८०/१०/१४)

यस बलरा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बलरा सर्लाहीबाट आ.व.२०८०/८१ मा स्यानिटरी प्याड खरीद गर्नका लागि खुल्ला बोलपत्र (E-bidding) को माध्यमबाट मिति २०८०/९/२ गते प्रभाव दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आब्हानको सूचनानुसार पेश हुन आएका बोलपत्रमध्ये तपशिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्र दाताहरुको लागि ७ (सात) दिने आशयको यसै सूचनावाट जानकारी गराईन्छ।

**तपसिल**

| सि.नं. | ठेका नं. | कामको विवरण | बोलपत्रदाता | कबुल रकम (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १. | BM/NCB/Goods/80-81/01 | स्यानिटरी प्याड | Jasmine Hygiene Product Pvt.Ltd. | रु.१०,८७,४४९.१७ |

प्रमुख प्रशासकीय अधिकृत



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११८००० | प्रति तोला – ११७४५० | प्रति तोला – १४०० |



**पर्यटकको पर्खाइमा** | रुकुम पूर्वको सिस्ने गाउँपालिका–५ मा अवस्थित पर्यटकीयस्थल कमल दह । पछिल्ला दिनमा आन्तरिक पर्यटक विस्तारै बढ्न थालेको स्थानीयहरूले जनाएका छन् । *तस्बिरः रासस*

# आर्थिक पूर्वाधार निर्माण अबको बाटो : अर्थमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. प्रकाशशरण महतले राजनीतिक परिवर्तन पछि अब आर्थिक समृद्धि र पूर्वाधार निर्माणका कामलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् । नेपाल मार्केटिङ एशोसियनले शनिबार आयोजना गरेको एनमए मार्केटिङ समिटको उद्घाटन समारोहलाई सम्बोधन गर्दै डा. महतले अर्थतन्त्र विस्तारै लयमा फर्किएकाले अब पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने बताएका हुन् ।

'देशको अर्थतन्त्र समस्यामा थियो, विस्तारै सुधार हुँदैछ । हामीले धेरै राजनीतिक आरोह–अवरोह पार गरिसक्यौं, राजनीतिक पूर्वाधार तयार पारिसक्यौं । अब अर्थतन्त्रको पूर्वाधार तयार पार्न आवश्यक छ । यो पूर्वाधार हामी तयार पार्न सक्छौं भन्ने कुरामा विश्वस्त छौं' मन्त्री डा महतले भने, 'हाम्रो आर्थिक सूचाङ्क सकारात्मक छन् । मूल्यवृद्धि नियन्त्रणमा छ । ब्याजदर घटिरहेको छ । शेयर बजारमा सुधार भइरहेको छ । आर्थिक गतिविधि पनि विस्तारै चलायमान बन्दै गएको छ ।' मुलुकलाई आर्थिक गति दिनका लागि स्पष्ट मार्गचित्र बन्दै गएको अर्थमन्त्री महतको दावी छ ।

अर्थतन्त्रमा शिथिलता देखिएका कारण बजार चलायमान हुन नसक्दा उपभोक्ता तथा निजी क्षेत्रको घट्दै गएको आत्मविश्वास अहिले सुधार हुँदै गएको पनि उनको भनाइ छ । 'अहिलेको आवश्यकता भनेको आत्मविश्वास आर्जन गर्नुपर्ने छ । त्यसका लागि सकारात्मक सन्देश प्रवाह गर्नुपर्छ । अहिलेसम्म हामीले धेरै नकारात्मक कुरा गयौं, यसले गर्दा हामी आत्मविश्वास कमजोर बन्यो । यथार्थ विषयवस्तुलाई नकारात्मक सन्देशले बल पुग्यो', मन्त्री डा महतले भने, 'सकारात्मक सन्देश प्रवाहसँगै हाम्रो व्यापार व्यवसायमा आत्मविश्वास बढ्छ । उपभोक्ताको आत्मविश्वास बढ्छ । उपभोक्तामा आत्मविश्वास बढ्दा व्यापार व्यवसाय बढ्ने हो । व्यापार व्यवसायमा चलपहल हुनेबित्तिकै लगानी वृद्धि हुन्छ । यसले आर्थिक गतिविधि बढाउँछ ।'

नेपालको विशिष्ट पहिचान बोकेका वस्तु र सेवाको पर्याप्त बजारीकरण हुन नसकेको पनि अर्थमन्त्री महतले बताएका छन् । वस्तु तथा सेवाको उत्पादन, बजारीकरण र खपतसँग जोडिएका सबै पक्ष मिलेर नेपाली उत्पादनको प्रयोग र बजारीकरणलाई बढावा दिन जरुरी रहेको उनले उल्लेख गरे । विशिष्ट खालका वस्तु तथा सेवा उत्पादन गरेर विश्वका विभिन्न देशले आफ्नो पहिचान स्थापित गरेकोमा नेपालले पनि त्यसबाट लाभ लिनसक्नुपर्ने उनको भनाइ छ ।

'नेपालमा युनिक उत्पादन गरेर संसारभरि बजारीकरण गर्न सकिन्छ । उपभोक्ताले जहिले पनि अरुभन्दा फरक रुचाउँछन् । नेपालको सकारात्मक पक्ष भनेको विशिष्ट खालका वस्तुको उत्पादन हो । हाम्रो संस्कार, संस्कृति, जनजाति, वन्यजन्तु र सामाजिक एकता यहाँको विशिष्ट पहिचान हो', अर्थमन्त्री महतले भने ।

# 'निर्माण श्रमिक कल्याणकारी कोष'को शुभारम्भ

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्माण क्षेत्रमा कार्यरत श्रमिकलाई विपद्का बेलामा सहयोग गर्ने लक्ष्यका साथ 'निर्माण श्रमिक कल्याणकारी कोष'को शुभारम्भ गरिएको छ । नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघको २६औं स्थापना दिवसका अवसरमा शनिबार निर्माण क्षेत्रमा कार्यरत श्रमिकको सहयोगका लागि कोषको शुभारम्भ गरिएको हो ।

कोषको शुभारम्भ गरिएसँगै दुर्घटनामा परेका तथा अस्पतालमा भर्ना भएका श्रमिकले अब कोषमार्फत सहयोग पाउने छन् । सङ्घका केन्द्रीय अध्यक्ष प्रदीप आचार्यले बिरामीको प्रकृति हेरेर कोषमार्फत श्रमिकलाई सहयोग गरिने बताए । उनले सामान्य दुर्घटनामा परेका बिरामीलाई रु पाँचदेखि १० हजारसम्म, दुर्घटनामा अङ्गभङ्ग भएका बिरामीलाई रु १० देखि २५ हजारसम्म, श्रमिकको मृत्यु भएमा परिवारलाई किरिया खर्चस्वरूप रु २५ हजारसम्म उपलब्ध गराइने बताए ।

कोषमा आबद्ध हुनका लागि प्रत्येक श्रमिकले सुरुमा दर्तास्वरूप रु तीन सय तिनुपर्ने र सङ्घको सदस्यता नवीकरण गरेको हुनुपर्नेछ । देशभर ३४ हजार पाँच सय श्रमिक आबद्ध रहेको उक्त सङ्घमा आगामी वर्ष १० हजार श्रमिकलाई उक्त कोषमा आबद्ध गराउने लक्ष्य राखिएको अध्यक्ष आचार्यले बताए ।

कोषमा हाल रु पाँच लाख जम्मा गरिसकिएको छ भने बाँकी रु दुई लाख २६औं स्थापना दिवसका अवसरमा सङ्कलन गरिएको छ । आगामी वर्ष कोषको रकम रु १५ लाख पुर्याउने लक्ष्य सङ्घले लिएको छ ।

कल्याणकारी कोषको शुभारम्भ गर्दै नेपाल ट्रेड युनियन कांग्रेसका वरिष्ठ उपाध्यक्ष तेजेन्द्रजङ्ग कार्कीले देश निर्माणको मेरुदण्ड निर्माण क्षेत्र भएकाले यो क्षेत्रलाई सरकारले विशेष सहयोग गर्नुपर्ने बताए ।

'श्रमिकको सम्मान गर्न सकेमात्र देशको विकास हुन्छ', उनले भने । ठूलाठूला महल, सडक, कलकारखाना, विद्युत्गृहलगायत बहुराष्ट्रिय आयोजनामा काम गर्ने श्रमिकको अवस्था सुधार्न राज्य लाग्नुपर्ने उनको भनाइ थियो । कार्यक्रममा कल्याणकारी कोषमा सहयोग गर्ने सहयोगदातालाई खादा र प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो ।

# भन्सारद्वारा १ करोड ३४ लाख राजस्व संकलन

**इलाम (प्रस)–** इलामको पशुपतिनगर भन्सार कार्यालयले आर्थिक वर्ष २०८०/८१ को पुससम्ममा रु एक करोड ३४ लाख १३ हजार राजस्व संकलन गरेको छ । यो लक्ष्यको ६९ दशमलव ९६ प्रतिशत हो । आव २०८०/८१ मा भन्सारले रु एक करोड ९१ लाख ७१ हजार राजस्व संकलनको लक्ष्य लिएको थियो ।

यसैगरी आव २०७७/७८ मा रु एक करोड ८९ लाख ९९ हजार राजस्व संकलन गर्ने लक्ष्य लिएको पशुपतिनगर भन्सारले रु एक करोड दुई हजार राजस्व संकलन गरेको कार्यालय प्रमुख प्रवीन सुब्बाले जानकारी दिए । यस्तै आव २०७८/७९ मा रु दुई करोड ५३ लाख ४० हजार राजस्व संकलन गर्ने लक्ष्य लिएकामा रु ८७ लाख ३८ हजार संकलन भएको थियो ।


कार्यालय प्रमुख सुब्बाका अनुसार आव २०७९/८० मा रु दुई करोड ५० लाख ८५ हजार राजस्व संकलन गर्ने लक्ष्य लिएकामा रु दुई करोड ७१ लाख ८२ हजार संकलन गरिएको थियो । अवैध कारोबारअन्तर्गत बरामद भएको सामग्री लिलामीबाट सबैभन्दा बढी राजस्व संकलन भएको हो । पशुपतिनगर भन्सारअन्तर्गत आठ छोटी भन्सार कार्यालय रहे पनि ती सबै बन्द छन् ।

'हरियो तरकारी, छुर्पी, दूध, चिया, घ्यू, चिज, गमला, लत्ताकपडा र जुत्ता चप्पल भारत निर्यात हुँदै आएको छ', उनले भने । नेपालतर्फ भन्सार भए पनि भारतमा भन्सार कार्यालय नहुँदा समस्या भएको कार्यालय प्रमुख सुब्बाले बताए । खुला सीमानाका भएका कारण चोरी पैठारी रोक्न कठिनाइ भएको उनको भनाइ छ ।

# विद्युतीकरणपछि टुकी बाल्ने घटे

**ढोरपाटन (बागलुङ)–** 'मैले १७ वर्षको उमेरमा नुन ल्याउन जाँदा सुनौलीमा पहिलोपटक बिजुली बत्ती देखेको थिएँ, अहिले त तल बैँसीतिर पनि झिलिमिली छ', बागलुङको निसीखोला गाउँपालिका–५ का पितराम घर्तीमगरले गत साताको एक विहान सुनाए । उनी अहिले निसेलढोरमा बस्छन् । कहिलेकाहीँ निसीगाउँमा पनि झर्छन् । निसीगाउँमा बिजुलीको सुविधा छ तर निसेलढोरमा अहिलेसम्म पुगेको छैन । तर उनले निसेलढोरमा सौर्य ऊर्जा (सोलार बत्ती) बाल्दै आएको छ । उनले दिनभरि घाम लाग्दाको रात सोलार बत्ती बाल्छन् । बर्खाको समयमा भने दियालो र टुकीकै भरमा रात कटाउँछन् ।

एक दशक अगाडिसम्म दियालो र कुटीकै भरमा रात कटाउने पितराम अहिले सोलार बत्ती बल्न पाउँदा हर्षित छन् । पितारामममात्रै होइन, बागलुङको अधिकांश क्षेत्रका नागरिकले टुकीको भरमा रात कटाउँथे । यद्यपि अहिले पनि केही बस्तीमा विद्युत्को पहुँच छैन तर उनीहरूले टुकीको सट्टा वैकल्पिक ऊर्जाको प्रयोग गर्छन् । पछिल्लो समय दुर्गम गाउँसम्म विद्युत् विस्तार र वैकल्पिक ऊर्जाको प्रयोग बढ्न थालेसँगै टुकी र दियालो बाल्ने परम्परा लोपोन्मुख भएका छन् ।



जिल्लाको ग्रामीण क्षेत्रका सबै स्थानमा विद्युत् पुगी नसके पनि पहिलेको जस्तो मट्टितेल बजारमा पाइँदैन ।

कुनै बेला एक लिटर मट्टितेल पाउनका लागि घण्टौं लाइन बस्ने स्थानीयलाई अहिले त्यसको चाख छैन । बैँसीमा बिजुली बत्ती र लेकमा सोलार बत्तीले रातलाई पनि उज्यालो बनाएको पितराम बताउँछन् । अहिलेसम्म बिजुलीबत्ती नपुगेका ठाउँमा सोलार बत्ती र अन्य विद्युतीय बत्ती पुगेको उनको भनाइ छ । पहिले आफूहरूले रातिमा उज्यालो पार्नका लागि दिनभरि दियालो, दाउरा र भाङ बटुल्ने गरेको स्मरण गर्दै अहिले त्यस बेलाको जस्तो झण्झट गर्नु नपर्ने बताउँछन् ।

उनी भन्छन्, 'समयले धेरै फड्को मारेछ, कस्ता अन्धकार थिए हाम्रो जमाना, अहिले झिलिमिली छ, गाउँगाउँमा बिजुली आएको छ, कति ठाउँमा जडान हुँदैछ, हाम्रो पालामा कसैको घरमा बिजुली बत्ती थिएन, सोलार पनि आएका थिएनन्, धनीमानीले मट्टितेल लिएर टुकी बाल्थे, हामीहरूले त उही दाउरा र दियालो बाल्थ्यौं, पछिपछि तेलको मूल्य सस्तो भएपछि गाउँ भरिकाले टुकी बाल्न थालेका थिए, अहिले त टुकी बाल्ने चलन नै हरायो ।' अहिले पनि जिल्लामा दुई सय १४ परिवारमा विद्युत्को सुविधा नपुगे पनि उनीहरू टुकी र सौर्य ऊर्जाकै भरमा छन् । जिल्लाका धेरै स्थानमा अझै पनि केन्द्रीय विद्युत् पुगेको छैन । तर लघुजलविद्युत भने अधिकांश ठाउँमा छन् । अहिले बागलुङमा ६२ हजार दुई सय २८ परिवारमा बिजुलीको पहुँच छन् ।

तमानखोला गाउँपालिका–३ का रनबहादुर रोकाले मट्टितेलबाट बत्ती बाल्न छाडेको एक दशक भएको बताए । दश वर्ष अगाडिसम्म टुकी बाले पनि त्यसयता सोलार बत्ती बाल्न थालेको बताए ।

'अहिले ७४ वर्ष भएँ, ६४ वर्षसम्म मैले टुकी बालेरै रात कटाएको हुँ, म धेरैजसो गोठमा बस्ने हुँदा यहाँ बिजुली आएको छैन, पहिलोपटक सोलार बत्ती बाल्दा निकै खुसी लागेको थियो, मट्टितेलबिना पनि बत्ती बल्दोरैछ जस्तो लाग्थ्यो', उनले भने, 'अहिले जतातत्तै बिजुली आए, गाउँ झिलिमिली भए, विकास हुन धेरै समय लाग्दो रैनछ, अहिले त बिजुली नपुगेको गाउँ छैन, जता हेर्यो उतै बिजुलीको झिलीमिली छ, अहिले त पहिलेको जस्तो टुकी भेटिन पनि छोड्यो ।'

नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रका प्रमुख पवन पौडेलले जिल्लाका सबै बस्तीमा केन्द्रीय प्रसारण लाइन जोड्न थालेको बताए । *रासस*


**चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**

- चिसोमा न्यायो कपडा लगाएरमात्र बाहिर निस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परिक्षण गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ